# वानीरा गिरिका उपन्यासमा विषाक्त पुरुषत्व

**ईश्वरी पाण्डे, नेपाली शिक्षक**
**Email: ishworisilwalpandey@gmail.com**

**लेखसार**

प्रस्तुत लेखमा वानीरा गिरिका कारागार र निर्बन्ध उपन्यासमा प्रयुक्त विषाक्त पुरुषत्वको विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ । प्रस्तुत उपन्यासलाई सोध्य विषयका रूपमा लिई त्यसमा प्रयुक्त विषाक्त पुरुषत्वका विभिन्न आयमहरूको आधारमा विश्लेषण र मूल्याङ्कन गरेर उक्त उपन्यासको वैचारिकता निरूपण गरिएको छ । परम्परागत पितृसत्तात्मक समाजले निर्धारण गरेको लैङ्गिक भूमिकाले पुरुषलाई शक्तिशाली र महिलालाई शक्तिहीन बनाएको छ । पुरुषले आफ्नो शक्ति प्रदर्शनको थलो महिला केन्द्रित व्यवहार बनाएको छ । कारागार र निर्बन्ध उपन्यासमा प्रयुक्त पुरुष पात्रमा निहित विषाक्त विचार र व्यवहारको चित्रण गरी यिनै व्यवहारलाई कोनेल ( सन् १९९४) का आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी उक्त उपन्यासको विश्लेषण गरिएको छ । विषाक्त पुरुषत्व अभिव्यक्त विचार र व्यवहारका तथ्यलाई  प्रतिस्पर्धी मनोभाव, अपराध र हिंसा, कठोरता र महिलाको वस्तुकरण गरी चार पक्षलाई विषाक्त पुरुषत्वको मूल्याङ्कनको आधार बनाइएको छ । यिनै मान्यताको आधारमा गिरिका कारागार, निर्बन्ध र शब्दातीत शान्तनु उपन्यास मध्ये कारागार र निर्बन्ध उपन्यासमा पुरुष पात्रले महिला पात्रप्रति गरेका शारीरक र  मानसिक हिंसा, अन्याय र अत्याचारलाई उजागर गरिएको छ । परम्परागत रुढी पितृसत्ताको उग्रतापूर्ण व्यवहारले महिलाहरूको इच्छा आकांशलाई कसरी दमन पारेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* विषाक्त, पितृसत्ता , वस्तुकरण, दमन, प्रतिस्पर्धी मनोभाव

Article's information : Manuscript received : 2025/05/15, Date of review : 2025/08/30, Date of manuscript acceptance 2025/11/20 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/ 10.3126/vaikharivani.v3i1.87429
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2026 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय वानीरा गिरिको 'कारागार' (२०३५) र निर्बन्ध (२०४२) उपन्यासमा अभिव्यञ्जित विषाक्त पुरुषत्वको विश्लेषण र मूल्याङ्कन  रहेको छ ।  पुरुषत्वलाई लैङ्गिक अध्ययनअन्तरगतको सिद्धान्त  मानिन्छ । अङ्ग्रेजी शब्दको 'मास्कुलिनिटी' नै नेपाली शब्दमा पुरुषत्व भनिन्छ । जैविक रूपमा स्वतन्त्र जन्मिएका महिला र पुरुष लिङ्गका आधारमा फरक भए पनि समाजमा हुर्कने बढ्ने क्रममा उसको लगाई, खुवाई जीवनशैली आदिको आधारमा र सामाजिक, सांस्कृतिक, आर्थिक, राजीतिक, ऐतिहासिक आदि आधारले उसको लैङ्गिक भूमिका निर्धारण गरेको हुन्छ । त्यसैले पुरुषत्व सामाजिक निर्मिति हो । यिनै सामाजिक भूमिकाको आधारमा पुरुषमाथि थोपरिएको जिम्मेवारीले पुरुषमा निहित पुरुषत्वले अझ बलियो बनाएको हुन्छ । परम्परागत रूपमै पुरुषलाई आँटिलो, निडर, बलवान्, कठोर, आत्मबल भएको, जिम्मेवारी, प्रभुत्वशाली, संरक्षक, बहादुर, पालक, आक्रमकता, सुरो आदि पुरुषत्वको विशेषताका रूपमा आत्मसात गरिएको छ । यिनै विशेषताका आधारमा सामाजिक कार्य विभाजन गरिएको हुन्छ । परम्परागत रूपमा यिनै कार्यलाई अभ्यास गरिँदै जाँदा पितृसत्तात्मक समाजको निर्माण भएको हो । परम्परादेखि सुरु भएको लैङ्गिक विभेदको आलोचना स्वरूप नारीवादी चिन्तकहरूले सन् १९८० को दशकदेखि पुरुषत्वलाई अध्ययन पद्धतिको रूपमा विकसित गरेका हुन् । आफू पुरुष हुनुलाई पुरुषार्थ ठानी घरमा छोरी, बुहारी, श्रीमती आदिलाई कुटपिट गर्ने, चरम यातना दिने, महिलालाई सहयोग र सम्मानजनक व्यवहार गरे समाजमा बेइजत हुन्छ, लाछी र जोइटिङ्ग्रे बनिन्छ भन्ने सोचाइ भएका पितृसत्तात्मक विचारलाई विषाक्त पुरुषत्व मानिन्छ ।

वानीरा गिरि (२००२–२०७८) आधुनिक नेपाली उपन्यासको आलोचनात्मक विचार धाराकी यथार्थवादी उपन्यासकार हुन्। उनका कारागार (२०३५), निर्बन्ध (२०४२) र शब्दातीत शान्तनु (२०५६) उपन्यासहरू प्रकाशित छन् । उपन्यासबाहेक कविता, निबन्ध र समालोचनाका क्षेत्रमा पनि कलम चलाएकी छन्। आफ्ना उपन्यासहरूमा पितृसत्तात्मक सामाजिक संरचनाले जरो गाडेको समाजमा महिलाहरूले भोग्नुपरेको उत्पीडनका वास्तविकतालाई थथार्थपरक ढङ्गले चित्रण गरेकी छन्। उनले नारीलाई भन्दा पुरुषलाई बढी महत्त्व दिने नेपाली सामाजिक परम्पराको आलोचना गरेकी छन्। यिनै औपन्यासिक विशेषताका आधारमा वानीरा गिरि अस्तित्ववादी, नारीवादी, प्रगतिवादी, सामाजिक यथार्थवादी उपन्यासकार हुन्।

वानिरा गिरिले कारागार र निर्बन्ध उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाले जरो गाडेको समाजमा महिलाहरूले भोग्नुपरेको उत्पीडनका वास्तविकतालाई थथार्थपरक ढङ्गले चित्रण गरेकी छन्। समाजमा एक नारी शिक्षित र सचेत भए पनि प्रभुत्वशाली पुरुषको पुरुषत्वको अगाडि लाचार बन्न विवश हुन्छन् भन्ने सामाजिक यथार्थको चित्रण गरेकी छन्। कारागार र निर्बन्ध उपन्यासलाई विवेच्य विषय बनाएर पुरुषत्वका सैद्धान्तिक आधारमा लेखिएको यस प्राज्ञिक लेखनमा परम्परागत रूपमा स्थापित पुरुषत्वले नेपाली ग्रामीण समाजमा पुरुषले नारीमाथि हेर्ने दृष्टिकोणलाई प्रमुख विषय बनाई विषाक्त पुरुषत्वको कोणबाट विश्लेषण गरिएको छ। कारागार र निर्बन्ध उपन्यासमा रहेका पुरुष पात्रमा निहित विभिन्न तहका विषाक्त पुरुषत्वको स्थिति के कस्तो छ भनी खोजी गर्नु यस अनुसन्धानको प्राज्ञिक जिज्ञासा हो र यो नै अध्यनको मूल समस्या हो। कारागार र निर्बन्ध उपन्यासका पुरुष पात्रमा निहित विषाक्त पुरुषार्थको खोजी गरी वस्तुगत, प्रमाणिक र तथ्यपरक ढङ्गले प्राज्ञिक जिज्ञासाको शमन गर्न विषाक्त पुरुषत्वको विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो। वानीरा गिरिका कारागार र निर्बन्ध उपन्यासमा विज्ञ समीक्षकहरूबाट गरिएका समीक्षा, टीकाटिप्पणी, समालोचना आदिको पूर्वअध्ययन गर्दा कारागार र निर्बन्ध उपन्यासमा कुनै पनि अनुसन्धान नभएको पाइयो। दुर्गाबहादुर घर्तीले (२०६०) ले वानिरा गिरिको कारागार उपन्यासमा भएका पात्रहरूलाई मनोवैज्ञानिक ढङ्गले अध्ययन गरेका छन् । लिला लुइटेल (२०६०) ले कारागार उपन्यासमा कुटिल प्रवृतिका दाजुहरूले आफ्नी बहिनीप्रति गरेका षडयन्त्रको चर्चा गरेकी छन्। खेम दाहाल (२०६७) ले कारागार उपन्यासमा नारी आलोचनामा र निर्बन्धमा पुरुषले नारीलाई हेप्ने गरेको प्रसङ्गलाई प्रष्ट्याएका छन्। सुधा त्रिपाठी (सन् २०१२) ले निर्बन्ध उपन्यासमा पितृसत्तात्मक समाजले नारीलाई कसरी निर्बन्ध तुल्याउँछ भन्ने तथ्यको खोजी गरेकी छन्। खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले कारागार उपन्यासमा नारी अस्मिताको खोजी गरिएको र निर्बन्ध उपन्यासमा बुबाले आमाप्रति गरेको अमानवीय व्यवहारको कारण आफू निर्बन्ध बन्न बाध्य भएको प्रसंगबारे चर्चा गरेका छन्। विदुला घिमिरे (२०७०) ले कारागार उपन्यासमा सम्पत्तिको लोभले बहिनीको वैवाहिक स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउने दाजुहरू प्रभुत्वशाली पुरुष हुन् र निर्बन्ध उपन्यासका 'म' पात्रका बुबाको पुरुष हुनुको दम्भले पिडित आमाको दयानीय अवस्थाको चर्चा गरेकी छन्। सञ्जीव उप्रेती (२०७८ ) ले शिरीषको फूल उपन्यासका पात्रको विशेषतालाई नारीत्व र पुरुषत्वको कोणबाट तुलनात्मक अध्ययन गरेका छन्। बिन्दु शर्मा (२०७८) ले विभिन्न उपन्यासको अध्ययनको आधारमा पितृसत्तात्मक समाजले निर्धारण गरेको लैङ्गिक भूमिकाले पुरुषको पुरुषत्वलाई अब्बल र नारीलाई कमजोर बनाएको बताएकी छन्। उपर्युक्त पूर्वकार्यको अध्ययन र समीक्षा गर्दा सञ्जीव उप्रेती र बिन्दु शर्माले साहित्यिक कृतिमा पुरुषत्वको खोजी र विश्लेषणका निम्ति आधारभूत काम गरेको देखिन्छ । विभिन्न विज्ञ समीक्षकद्वारा वानीरा गिरिका उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गरिका भएतापनि विषाक्त पुरुषत्वको आधारमा अध्ययन नभएका कारण वानीरा गिरिका कारागार र निर्बन्ध उपन्यासमा विषाक्त पुरुषत्व भन्ने विषयमा अनुसन्धान रिक्तता रहेको छ। अतः यसै रिक्तता पूरा गर्ने उद्देश्यले प्रस्तुत शोधमा वानीरा गिरिका कारागार र निर्बन्ध उपन्यासमा अभिव्यक्त विषाक्त पुरुषत्वलाई उपयुक्त सैद्धान्तिक आधारसहित विश्लेषण र मूल्याङ्कन गरिएको छ।

वानीरा गिरिका यी उपन्याससँग सम्बद्ध पूर्वकार्यको समीक्षा गर्दा साहित्य सिद्धान्तका विविध आयामहरूबाट विश्लेषण भएको तर पुरुषत्वका पक्षबाट विश्लेषण भएको छैन । परम्परागत रूपमा पुरुषको वर्चश्व रहेको समाजमा महिलामाथि शोषण र अत्याचार गर्ने प्रचलनले नै पुरुषको प्रभुत्व शक्तिशाली बन्दै गएको छ। त्यसैले पुरुषत्व महिला

विरोधी अवधारणा हो । गिरिका यी उपन्यासमा पनि यस्ता वर्चश्वशाली पुरुषत्वले राज गरेको पाइन्छ । उपन्यासमा अन्तर्निहित विभिन्न प्रवृत्तिका पुरुषत्वलाई पुरुषत्व सम्बन्धित सिद्धान्तका आधारमा विशिष्टीकृत अध्ययन र विश्लेषणबाट कृतिगत मूल्य निरूपण गरिनु यस प्राज्ञिक अनुसन्धानको औचित्य हो । प्रस्तुत अध्ययन र विश्लेषणबाट पुरुषत्व सम्बधी जिज्ञासु, शोधार्थी, विवेचक, विश्लेषक तथा अध्येताहरू लाभान्वित हुन सक्ने भएकाले यस शोधकार्यको थप औचित्य र महत्त्व स्पष्ट हुन्छ । पुरुषत्व सिद्धान्तलाई आधार मानी वानीरा गिरिका कारागार र निर्बन्ध उपन्यासलाई अनुसन्धेय विषय बनाएर उपन्यासका पुरुष पात्रका भूमिका र कार्यव्यापारलाई मात्र यस शोधकार्यमा अध्ययन र विश्लेषण गरिएको छ । उनका कारागार (२०३५), निर्बन्ध (२०४२) र शब्दातीत शान्तनु (२०५६) उपन्यासहरू मध्ये कारागार र निर्बन्ध उपन्यासका पुरुषमा निहित पुरुषत्वबाहेक अन्य विषयमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गर्नु यस शोधको अभीष्ट होइन । प्रस्तुत शोधमा ती उपन्यासहरूमा आएका पुरुषत्व सम्बन्धित सामग्रीलाई तिनै सिद्धान्तद्वारा पुष्टि गर्ने कार्य भएको छ । यही नै यस शोधकार्यको सीमाङ्कन हो ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमा आवश्यक सामग्री सङ्कलनका निमित्त पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ । प्राथमिक सामग्रीका रूपमा उपन्यासकार वानीरा गिरिको कारागार र निर्बन्ध उपन्यासलाई लिइएको छ । विषाक्त पुरुषत्वसँग सम्बन्धित सैद्धान्तिक आधार बारेका अनूदित कृतिहरू, पूर्व अध्ययन एवं विभिन्न पुस्तक, पत्रिका, लेख र सैद्धान्तिक सामग्रीलाई द्वितीय सामाग्रीको रूपमा लिइएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी कारागार र निर्बन्ध उपन्यासमा अन्तर्निहित विषाक्त पुरुषत्वसम्बद्ध परिघटनाहरूको उद्घाटन गरी गुणात्मक पद्धति र निगमन विधिबाट विश्लेषण गरी निष्कर्षलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत अनुसन्धानमा वानीरा गिरिका उपन्यासमा विषाक्त पुरुषत्वको विमर्श गरिएको छ । वानीरा गिरिद्वारा लिखित कारागार (२०३५), निर्बन्ध (२०४२) उपन्यासले तत्कालीन समयमा नारीले बाध्यतावस भोग्नु पर्ने पीडालाई देखाइएको छ । फरक फरक कथानक बोकेका उनका दुवै उपन्यासमा कुनै न कुनै रूपमा पुरुष पीडित महिला पात्रहरूका जीवनकथा रहेका छन् । विषाक्त पुरुषत्वसम्बन्धी उपर्युक्त सैद्धान्तिक विमर्शलाई आधार दिएर प्रस्तुत लेखमा वानीरा गिरिका कारागार र निर्बन्ध उपन्यासमा विषाक्त पुरुषत्वको विश्लेषण गरी मूल्याङ्कन गरिएको छ । खराब आचरणका क्रियाकलापलाई पालना गरेर प्रभुत्वशाली व्यवहार प्रदर्शन गर्ने जुनसुकै लिङ्गका मानिस विषाक्त पुरुषत्व हुन् । प्रस्तुत उपन्यासमा नकारात्मक सोचाइ भएका र खराब व्यवहार प्रदर्शन गर्दा आफूलाई महान् र आफूलाई पुरुषार्थी ठान्ने पुरुष पात्रहरूलाई विषाक्त पुरुषत्व मानिएको छ । विषाक्त पुरुषत्वसम्बन्धी (१) प्रतिस्पर्धी मनोभाव (२) अपराध र हिंसा (३) कठोरता र (४) महिलाको वस्तुकरण (एटम,२०७९, पृ. १५८) गरी चारवटा मान्यतालाई सैद्धान्तिक ढाँचा दिइएको छ । यिनै सैद्धान्तिक ढाँचामा केन्द्रित रहेर गिरिका कारागार र निर्बन्ध उपन्यासको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

विषाक्त पुरुषत्व नकारात्मक मानसिक स्वास्थ्यको परिणाम हो । प्रभुत्वशाली पुरुषत्वले अधीनस्थ महिलाप्रति शरीरिक वा भावनात्मक रूपमा शक्ति प्रदर्शन र एकाधिकारमाथि नियन्त्रण गर्दै उनीहरूलाई प्रतिकार गर्न र माथि उठ्न नदिई यथास्थानमा राखी आफू पुरुष हुनुको लाभ लिरहेका हुन्छन् (कोन्नेल, सन् २००५, पृ. ७७) । यसले पुरुषवर्चस्वलाई स्थायित्व दिने सामाजिक संस्कृति निर्माणमा सहयोग गर्दछ । पुरुष शक्तिको अभ्यासलाई शीर्षस्थानमा राखी आफ्नो लैङ्गिक प्रभुत्व कायम राखेर महिलाप्रति गरिने विभेद नै पुरुषत्व हो । त्यसैले पुरुषत्व अध्ययन भनेको सामाजले निर्माण गरेको पुरुषको बहुआयमिक लैङ्गिक भूमिका र महिलाको आलोचनात्मक विमर्श हो (शर्मा, २०७८, पृ. १३१–१४४) । सामाजिक हैसियत र प्रतिष्ठाका आधारमा पुरुषको पुरुषार्थ निहित रहन्छ ।

पारम्परिक रूपमा पुरुषत्वका निमित्त शारीरिक रूपमा बलवान, आक्रामक यौन, असंवेदनशीलता, प्रतिस्पर्धीपन, स्वतन्त्रताको चाहना, वर्चस्वशाली क्षमता आदि विशेषताको अभावमा पुरुष पुरुषत्वहीन कहलाउँछ (एटम,सन् २०२४, पृ. १५) । आफ्नो पुरुषत्वलाई स्थायित्व दिन पुरुषले यस्ता विशेषतालाई निरन्तरता दिइरहन्छ । पुरुषत्व शारीरिक शक्तिसँग सम्बन्धित हुन्छ । नारीलाई शारीरिक र मानसिक रूपमा कमजोर बनाएर  तिनै नारीमाथि बहादुरी प्रदर्शन गर्नु, हिंसा गर्नु, यौन शोषण गर्नु नै पुरुषत्व हो (उप्रेती, २०६८, पृ. २०३–२०५) । पुरुषको शक्तिप्रदर्शन गर्ने थलो नारी हो त्यसैले पुरुषत्व सामाजिक निर्मिति हो । विषाक्त पुरुषत्वलाई परम्परागत मर्दानाका मापदण्डहरूको पालकको रूपमा चित्रण गरिन्छ । जुन पुरुष कै निम्ति र ती पुरुषका वरपरका मानिसका लागि हानिकारक हुन्छ ( ह्यारिस सन् २०२१, पृ. ६-७) । विषाक्त पुरुषत्वले प्रभुत्वशाली पुरुषत्वको हानिकारक सामाजिक विशेषताहरू अराजक, हिंसा र आक्रामकता आदिलाई सांस्कृतिक रूपमा विश्वास गरी मूल्यवान् ठान्दछ ।  प्रभुत्वशाली पुरुषत्व पनि विषाक्त पुरुषत्वको एक रूप हो । अरूलाई पछि पारेर आफूलाई विशिष्ट स्थानमा राख्ने कार्यमा लागि परिरहने सोचाइ प्रतिस्पर्धी मनोभाव हो (एटम, २०७९, पृ. १६०) । यसरी प्रतिस्पर्धी मनोभाव भएका मानिसहरूले अरूलाई पराजित गराएर आफू जीत हासिल गर्ने र आनन्द लिने महत्त्वकांक्षा लिएको हुन्छ । कानुन विपरीत रहेर कुनै पनि व्यक्तिले गरेका हिंसात्मक, आर्थिक, साइबर र सामाजिक कार्यहरू अपराध हुन् भने कुनै पनि व्यक्तिले अर्को व्यक्तिलाई शारीरिक मानसिक वा भावनात्मक रूपमा क्षति पुऱ्याउने काम गर्नु हिंसा हो  फ्लेसन (२००९, पृ. २४–२५) । हिंसात्मक अपराधमा अपराध र हिंसा दुवै समावेश हुन्छन् । शोषित वर्गले आफूलाई कमजोरी ठान्दछ र अर्को शोषक वर्गले उक्त कमजोरीलाई प्रयोग गरी उक्त समूह, वर्ग वा लिङ्गमाथि प्रभुत्व जमाउन थाल्दछ र यहीबाट हिंसा उत्पन्न हुन्छ (राजभण्डारी र अरू, २०६८, पृ. २४) । हिंसात्मक व्यवहार गर्नुलाई पनि अपराधिक कार्य मानिन्छ ।  कुनै व्यक्ति विरुद्ध शारीरिक बल या शक्तिको उपयोग गरेर उसलाई चोट पर्ने, मार्ने वा मनोवैज्ञानिक हानि पुऱ्याउँने अभिप्राय रहनु हिंसा हो (एटम, २०७९, पृ. १६२) ।  मनमा दया नभएको सहानुभूति वा कारुणिकभावविहीन, असंवेदनशील, कडा, निर्दयी, कट्टर नियमको पालना गर्ने, आफ्नो अडानमा बस्ने, दृढ स्वभावको मानवीय गुण नै कठोरता हो (एटम, २०७८, पृ. १६४) । कसैप्रति मोह र ममता नहुनुलाई कठोरता भनिन्छ । प्रभुत्वशाली पुरुषत्वले विषाक्त पुरुषत्वको रूपमा महिलामाथि यौन शोषण गर्छ, महिलाहरूलाई घृणा गर्छ र महिलालाई यौन सन्तुष्टि पूरा गर्ने एउटा वस्तुको रूपमा हेर्दछ (जाइस्, २०२२, पृ. २६) । विषाक्त पुरुषहरू आफ्नो प्रभुत्व कायम राख्न र आफ्नो पुरुषत्वलाई अझ बढी प्रभावकारी बनाउन परम्परागत पितृसतात्मक आचरणलाई कडाइका साथ पालन गरियोस् भन्ने अपेक्षा राख्दछन् ।

**नतिजा र विश्लेषण**

कारागार 'म' पात्रको प्रमुख भूमिका रहेको नारी प्रधान उपन्यास हो । यस उपन्यासमा समाख्याताका रूपमा 'म' पात्रको उपस्थिति रहेको छ । यस उपन्यासकी 'म' पात्र रूपवती, शिलवती, स्वरोजगार, धनवान, शारीरिक र मानसिक रूपमा स्वस्थ्य रहेकी सम्पूर्ण लक्षणले युक्त भएकी विवाहका लागि योग्य युवती हो । दुई दाजुकी एउटी बहिनी 'म' पात्रमा विवाह गर्ने तिव्र चाहना रहे तापनि सम्पत्तिको मोहमा परेका उसका सहोदर दाजुहरूको कुटिल षड्यन्त्र र स्वार्थका कारण आजीवन अविवाहित भएर कष्टपूर्ण जीवन भोग्न विवश भएकी छ । परम्परागत पितृसत्तात्मक समाजले छोरीलाई अधिकारविहीन बनाए पनि सकारात्मक विचार भएका 'म' पात्रका बुबाले आफ्नो मृत्युअघि पैतृकसम्पत्तिमा अविवाहित छोरीलाई छोरासरह अंशियार बनाएका छन् । सम्पत्तिको विषयमा बुबाको अन्तिम निर्णय र इच्छापत्रप्रति छोराहरू असन्तुष्ट रहेका छन् । पैतृकसम्पत्तिमा आफ्नो एकाधाकार खोसिएको महसुस गरी पैतृकसम्पत्तिलाई बाहिरिन दिनुभन्दा बहिनीलाई आजीवन अविवाहित राख्न सके बहिनीको भागमा परेको सबै सम्पत्ति आफ्नै हुने र दाजुभाइ बाँडेर खाने दाउ राखेर बहिनीका निमित्त जुटेका हरेक लायक वरमा खोट र अयोग्य देखाएर विहेका लागि नालायक सावित गराई बहिनीलाई अविवाहित राखेका छन् ।

वनीरा गिरिद्वारा लिखित निर्बन्ध उपन्यास नारी केन्द्रियतामा आधारित उपन्यास हो । यस उपन्यासमा समाख्याताको रूपमा 'म' पात्रको उपस्थिति रहेको छ । पितृसत्तात्मक समाजमा स्वतन्त्र र उन्मुक्त जीवन व्यतित् गर्ने

'म' पात्रको उछ्रिङ्खल नायकत्वको भूमिकालाई यस उपन्यासले निर्बन्ध नामाकण गरेको छ। महाकाव्यका सर्वश्रेष्ठ नायकझैँ देखिने यस उपन्यासका 'म' पात्रका बुबाका अगाडि आमा खासै राम्री थिइनन्। 'म' पात्रकी हजुरआमाले 'म' पात्रको बुबा सुन्दर र आकर्षक भएकोले उनलाई अतियोग्य वर ठानी प्रसस्त सुनचाँदी, हीरा, जुहारात र रूपयाँसहित आफ्नी छोरीलाई सुम्पिएकी हो। सामान्य परिवारका 'म' पात्रका बुबा विवाहपश्चात ससुरालीको धनसम्पत्तिका कारण एकाएक निकै धनी भएको छ। 'म' पात्रकी आमा पतिपरायण थिई। आफ्ना पतिलाई ऊ भगवान रामजस्तै ठान्द थिई। यसको बदला 'म' पात्रका बुबाले आफ्नी पत्नीलाई उपेक्षा र कुण्ठा मात्र दिन्थ्यो। रक्स्याहा, स्त्रीलम्पट र जुवाडे बुबाको उन्माद र छाडापनको सिकार 'म' पात्रकी आमा बनेकी थिई। बुबाले आमाप्रति गरेको दुर्व्यवहारको कारण 'म' पात्रमा बुबाप्रति घृणा र आमाप्रति सहानुभूति भावना जागृत भएको छ।

यसरी कारागार उपन्यासमा स्वार्थी र कुटिल प्रवृतिका दाजुहरूको व्यवहारद्वारा प्रदर्शित पुरुषत्वसम्बन्धित तथ्यलाई र निर्बन्ध उपन्यासमा घरमा श्रीमती र छोराछोरी हुँदाहुँदै परस्त्रीगमन गर्ने, रक्सी र जुवातासमा रमाउने 'म' पात्रका बुबा र उसको ठुलो बुबाको चारित्रिक व्यवहारलाई केन्द्रमा राखेर दुवै उपन्यासलाई यस अनुसन्धानमा विषाक्त पुरुषत्वको रूपमा लिई (१) प्रतिस्पर्धी मनोभाव (२), अपराध र हिंसा (३), कठोरता र (४) महिलाको वस्तुकरण गरी चार पक्षलाई बुँदागत विमर्ष गरी कारागार र निर्बन्ध उपन्यासमा विषाक्त पुरुषत्वको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुगिएको छ।

## प्रतिस्पर्धी मनोभाव

प्रभुत्वशाली पितृसत्तात्मक नेपाली सामाजमा नारीहरूको स्थान अधीनस्थ र पुरुषको स्थान वर्चस्वशाली रहेको छ। पुरुषले आफ्नो स्थानलाई पुस्तौँसम्म स्थायित्व दिन नारीसँग प्रतिस्पर्धा गरी नारीलाई कमजोर सावित गराएको छ। नारीहरूलाई पितृसत्तात्मक अधिकार सुम्पिएर पुरुषहरूभन्दा अघि बढ्न दिनु हुँदैन भन्ने सामन्ती सोचाइ भएका पुरुष पात्रहरूलाई प्रतिस्पर्धी मनोभाव भएका विषाक्त पुरुषत्वको रूपमा कारागार उपन्यासका पुरुषपात्रलाई देखाइएको छ। विवाह गर्ने इच्छा हुँदाहुँदै आजीवन बस्नु पर्दाको नमिठो पीडा भोगेकी 'म' पात्रले सुरूमा आफ्ना दाजुहरूको षडयन्त्रले भरिएको विषाक्त मनस्थिति बुझ्न नसके पनि अन्त्यमा धनसम्पत्तिको लोभमा परी एउटी टुहुरी बहिनीप्रति गरिएको घृणित व्यवहारलाई बोध गरेकी छ। मै खाऊँ मै लाऊँ भन्ने भावना भएका दाजुहरू मुखमा रामराम बगलीमा छुरा भनेझैँ आफ्नी बहिनीप्रति मनमा एक र व्यवहारमा अर्को द्वैध चरित्र प्रदर्शन गर्ने षडयन्त्रकारी दाजुहरू प्रतिस्पर्धी मनोभाव भएका विषाक्त पुरुषत्व हुन् भन्ने तथ्य यस अंशमा भेटिन्छः

> ...ठूल्दाइ, भाउजू र सान्दाइले मलाई कहिल्यै एकवचन नसोधी आपस्मा सल्लाह गर्दै आफ्नोआफ्नो मन्तव्यअनुसार हरेक असल–खराब केटालाई क्यान्सिल गर्दै गए । पहिलेपहिले त मैले सोचें– दाजुहरू आफ्नी प्यारी बहिनीको निम्ति सर्वश्रेष्ठ वर र घर हेर्दै छन्। तर क्रमशः आमाबा स्वर्गे भएको झण्डै दस वषै हुन लाग्दा पनि कुनै वर मेरो निम्ति लायक ठहरिएनन्— भनौ जुटेनन्। अनि किन किन मेरो मनमा 'यो छनोट षड्यन्त्र त होइन ?' भन्ने प्रश्न हो होइन, हो होइनजस्तो गरी उठ्यो। (कारागार,पृ. ८०)

प्रस्तुत उद्धरणअनुसार 'म' पात्रका दाजुहरूमा आफ्नी बहिनीलाई साधन बनाएर धनसम्पत्ति कमाउने प्रतिस्पर्धामा रहेको भाव प्रष्ट भएको देखिन्छ। हुर्के बढेकी, पढेकी, जागिर गर्ने, हरेक कुरामा सक्षम र रूपवती 'म' पात्रलाई एकवचन नसोधी बाहिरबाहिर दाजुभाउजूले बहिनीको बिहेका निमित्त माग्न आएका वा कुरा चलेका केटामा कहिले स्तर नमिल्ने, कहिले केटाका आमा र दिदीबहिनीमा खोट देखाउने कहिले जन्मकुण्डलीमा दोष देखाएर सबै केटा क्यान्सल गर्दै 'म' पात्रलाई अविवाहित रहन बाध्य पारेका छन्। धनसम्पत्ति हडप्ने दाउमा 'म' पात्रका दाजुहरूले आफ्नी बहिनीलाई कुनै पनि केटालाई देखाउने र त्यस केटाका सम्बन्धमा बहिनीको इच्छा र रुचिबारे प्रतिक्रिया लिने गरेका छैनन्। बहिनीको विवाह होस् भन्ने चाहाना नभएकै कारण 'म' पात्रका दाजुहरूले बहिनीका लागि जुरेका केटाहरूमा अनेक कमीकमजोरीको बहाना देखाएका हुन्। स्वच्छ भावनाले माया गर्ने आमाबाबाबाहेक अरू आफन्त नहुँदा रहेछन् भन्ने ठम्याइ 'म' पात्रको रहेको छ किनकि आमाबा स्वर्गे भएको दस वर्ष बितिसक्दा पनि एउटा पनि

लायक केटा नभेटेको बहाना पार्नुको पछाडि बुबाले लेख्नुभएको इच्छापत्र हुनसक्ने कुराको बोध 'म' पात्रले गरेकी छ । सुरुमा आफ्ना दाजुहरूले आफ्नी बहिनीका लागि सर्बोतम ज्वाँइको खोजि गरेका होलान् भन्ने आशा गरेकी 'म' पात्रले लामो समय बितिसक्दा पनि बहिनीको बिहेको विषयलाई गम्भीर नठानेको देख्दा आफूप्रति षडयन्त्र रचिएको हुन सक्ने शङ्का गरेकी छ । 'म' पात्रका दाजुहरू स्वयम् पढेलेखेका, सक्षम र ऐश्वर्यका मालिक हुँदाहुँदै पनि बहिनीको नाममा सुनाइएको तीन भाग मध्येको एक भाग पैतृक सम्पत्तिको मोहमा डुबी आफ्नी सहोदर बहिनीप्रति गरिएको षडयन्त्र विषाक्त पुरुषत्वमा रहेको प्रतिस्पर्धी मनोभावको पराकाष्ठा हो । देखावटी माया र नाटकीय अभिभावकत्व प्रदर्शनलाई बुझ्न नसकेकी 'म' पात्रले दाजुहरूको र पितृसत्तात्मक समाजको डर र लाजका कारण  आफूलाई माग्न आएका र आफूले रुचाएका केटालाईसमेत खुलेर विवाह गर्छु भन्न पाएकी छैन ।

प्रभुत्वशाली पितृसत्तात्मक समाजमा स्त्रीत्वसँग पुरुषत्वको अस्वस्थ प्रतिस्पर्धामा महिला सधैँ पराजित हुनुपर्ने कारणले 'म' पात्रले सोझै दाजुहरूसँग म यो केटासँग बिहेका लागि राजी छु भन्न नसकेको कुरालाई 'म' पात्रले यसरी व्यक्त गरेकी छ- "पहिले जति माग्न आउँथे तीमध्ये दुई–तीन जनालाई मैले नरुचाएकी होइन तर आफैँले "मलाई यो ठिटो मन पर्यो बिहे गर्छु" कसरी भन्ने ?" (कारागार,पृ. ८१) । उक्त भनाइका आधारमा 'म' पात्र प्रभुत्वशाली पितृसत्तात्मक समाजको दबाबका कारण आफ्नो विवाह गर्ने तीव्र इच्छालाई मार्न बाध्य भएकी देखिन्छे । पितृसत्तात्मक समाजमा छोरीले आफू खुसी विवाह गर्नु, परिवारमा कुरा चलेका केटाहरूप्रति सोझै सहमति जनाउनु भनेको उत्तउलोपना हो, छोरी मान्छे लजालु बन्नुपर्छ, आफ्ना इच्छा, चाहना दबाउन सक्नु असल नारीको लक्षण हो भन्ने भाष्य बनाएको हुन्छ । त्यसैले शरीरिक र मानसिक रूपमा विवाह गर्न इच्छुक भए पनि 'म' पात्रले आफ्ना यौन कुण्ठालाई दमित पारेकी छ । दाजुहरूले आफूमाथि गरेको षडयन्त्रलाई 'म' पात्रले यसरी बुझेकी छ- "नाता, सम्बन्ध आत्मीय भन्ने अनुहारलाई छर्लङ्ग चिनाउने समय रहेछ । समयको ऐनामा हेरेपछि मात्र थाहा पाएँ– मेरो निम्ति वर नजुट्नुको मुख्य जड बाको इच्छापत्र रहेछ" (कारागार,पृ. ८१) । 'म' पात्रको यस अनुभूतिका आधारमा आफ्नो विवाह नहुनुको पछाडि आफ्नै दाजुहरू हुन् भन्ने कुरा 'म' पात्रले सुरुमा नबुझे पनि समयको अन्तरसँगै बुझेकी छ । आफ्नै दाजुहरूले बाले मर्नुअघि लेखेको इच्छापत्रको कारण आजीवन आफूलाई अविवाहित रहन बाध्य पारिएको कुरा पनि उसलाई समयले सिकाएको छ । आफ्नै सहोदर दाजुहरूमा पनि आफ्नो स्वार्थ पूरा गर्नका लागि बहिनीमाथि षडयन्त्र गरी उसको मानवीय संवेदनालाई कुल्चिएर आफू मात्र अगाडि बढेको कुरा 'म' पात्र स्वयमले महसुस गरेकी छ । त्यसैले समय एक पारदर्शी ऐना रहेको र जसले वास्तविकतालाई छर्लङ्ग पारेको कुरा उसले बुझेकी छ । आफ्नो स्वार्थको लागि आफ्नै बहिनीलाई अन्याय गर्ने यी पुरुषहरू प्रतिस्पर्धी भावना भएका विषाक्त पुरुषत्व हुन् ।

निर्बन्ध उपन्यासकी नायिका 'म' पात्रका बुबा श्रीमतीको भावना नबुझ्ने, माया नगर्ने, कुटपिट गर्ने, स्वभावको व्यक्ति हो । बुबाले आफ्नी आमाप्रति गरेको दुर्व्यवहार र अन्य नारीप्रति गरेको यौन शोषणको आधारमा 'म' पात्रले आफ्नो बुबा खराब चरित्रको पुरुष भएको महसुस गरेकी छ । बुबाको अचरणको प्रतिशोध स्वरूप ऊ आमाजस्ती सोझी नबनेर निर्बन्ध बनेकी हो । बुबाले आमालाई बन्धक गरेको देखेर आफू पाश्विक छाडा जीवन बिताउन चाहेको कुरा 'म' पात्र यसरी व्यक्त गर्दछे- "बुबा मेरी आमालाई उपेक्षापूर्ण बन्धनले पाता कसेर थन्क्याउनु हुन्छ" (निर्बन्ध, पृ. ३८) । प्रस्तुत कथनका आधारमा 'म' पात्रको बुबा आफ्नी श्रीमतीलाई चरम घृणा गर्दछ र आफ्नी श्रीमतीलाई स्वतन्त्र हुन नदिई श्रीमतीको हरेक व्यक्तिगत स्वतन्त्रतालाई निर्वाध रूपमा बाँधेर निमुखा प्राणीलाई जसरी यातना दिन चाहन्छ । उपन्यासमा 'म' पात्रको बुबाको जस्तै उसको ठुलो बुबाले ठुली आमाप्रति गर्ने अत्याचारपूर्ण व्यवहार पनि निकै रुखो नै रहेको पाइन्छ । 'म' पात्रका ठुलो बुबा र ठुली आमा निसन्तान हुन् । सन्तान नहनुमा श्रीमतीलाई दोषी देखाएर ठुलाबाले ठुलीआमालाई कुटपिट गरेर यातना दिने गरेको कुरा बारे 'म' पात्र भन्छेः

> "अहिलेसम्म ठूलोबुबाले आफूलाई पनि जँचाउनुपर्छ भन्ने सत्यलाई स्विकारेका थिएनन् । डा. ले उहाँहरूलाई वीर्यपरीक्षणको निम्ति विशेष अनुरोध गरेपछि बल्लतल्ल उनी मने । वीर्यपरीक्षणको प्रक्रिया सिद्धिएपछि डा.ले ठूलोबुबातिर पुलुक्क हेरे । ठूलीआमाको अनुहार पनि निहारे । आफ्नो बाँझपनमा पराजित र लज्जित ठूलीआमको अनुहार लत्रिएको थियो । ठूलीआमाको पराजय र लज्जाको विपरीत ठूलोबुबाको वीर्यहीनताको उद्घोषणाको रूपमा

डा. ले दम्पतीअघि मानौँ एउटा हातेबम फाले । आश्चर्यजनक कुरा के भयो भने त्यस बमको बारुदले ठूलोबुबाको सट्टा ठूलीआमालाई पोल्यो । आफ्नो अन्तरात्माबाट ओकलिएको नसुनिने चित्कारको असह्य भेदनशीलताबाट सम्पूर्ण बहिरी बनिन् तिनी ... (निर्बन्ध, पृ. ४२)

प्रस्तुत उधृतांशमा 'म' पात्रका ठूला बाले सन्तान नहुनुको प्रमुख कारण ठुली आमालाई मानेको छ । उमेर छँदा बल र जोशको तुजुकले चुलिएको 'म' पात्रका ठुला बाले ठुली आमालाई कहिल्यै मान्छे गनेन । उल्टै सन्तान भएनन् भनेर श्रीमतीलाई कुटपिट गर्ने तीखा वचन प्रहार गर्ने गरेको छ । एकातर्फ मातृत्वको पीडा अर्को तर्फ श्रीमानको यातना 'म' पात्रकी ठुली आमाले सहनु परेको छ । 'म' पात्रका ठुला बाले श्रीमतीले सन्तान नजन्माउनुको कारण आफूलाई कहिल्यै दोषीको सम्भावना देखेको छैन । आफूले आफूलाई सर्वेसर्वा र सर्वगुण सम्पन्न देख्ने प्रतिस्पर्धी र अहं भावना भएको 'म' पात्रको ठुलो बुबाले आफूलाई र श्रीमतीलाई डाक्टरी परीक्षण गराएर निसन्तान हुनुको कारणबारे कहिल्यै खोजी गरेको छैन । डाक्टरको विशेष अनुरोधमा जाँच गएपछि मात्र निसन्तान हुनुको प्रमुख कारण आफ्नै वीर्यहीनता रहेछ भन्ने 'म' पात्रका ठुला बाले बोध गरेको छ । सबै दोष श्रीमतीमाथि थुपारेर चरम यातना दिँदै आएको 'म' पात्रको ठुला बाललाई आफ्नो कमजोरी थाहा पाएपछि मात्र हीनत्वबोध भएको छ । जसका कारण आफूलाई सधैं महान् र उत्कृष्ट ठान्ने प्रतिस्पर्धी मानसिकता पराजय भएको छ । तसर्थ यस उपन्यासका 'म' पात्रका ठुला बाले आफ्नो कमजोरी छिपाएर ठुली आमाप्रति देखाएको अमानवीय व्यवहारका आधारमा ऊ प्रतिस्पर्धी मनोभाव भएको विषाक्त पुरुष हो ।

निर्बन्ध उपन्यासको 'म' पात्रका बुबा मनमा अलिकति पनि दयामाया नभएका व्यक्ति हुन् । घरमा श्रीमतीलाई रातदिन कुटपिट गर्ने, हुर्केबढेकी छोरीको अगाडि निर्लज भएर केटीहरूसँग मोजमस्तीमा रमाउने र उल्टै समाजमा ठाँटले हिँड्ने 'म' पात्रका बुबा प्रतिस्पर्धी मनोभाव भएका विषाक्त पुरुष रहेको अभिव्यक्ति यसरी प्रस्ट हुन्छः

नाक काटिएको केलाई भन्ने बुबाको बैठकमा रातदिन घटित हुने मखुन्डे नाचमा बुबाको नाक काटिएको छैन ? सारा जीवन पत्नीलाई घुस्सा र लात बर्साउने ठूलोबुबाको नाक काटिएको छैन ?बुबाको बैठकमा रातदिन खैरातको स्कच उडाएर बुबाको मिथ्या प्रशंसामा स्तुतिगान गर्ने भुसतिघ्रे लोग्नेमानिसहरूका नाक काटिएका छैनन् ? चाकडी– चुक्लीको भरमा आकाशपाताल जोड्दै पावरवालाको सँघार– सँघार ढोग्दै, ढुक्दै धन र ओहदाको भण्डारमा हात हाल्ने एक जमात टपर्टुट्याँका नाक काटिएका छैनन् ? (निर्बन्ध, पृ. ४८)

प्रस्तुत हरफहरू 'म' पात्रको घरमा बुबाले आमाप्रति र ठुला बाले ठुली आमाप्रति पुरुषार्थको नाममा गरेको अमानवीय व्यवहारका कारण 'म' पात्रको मनमा उब्जिएको मनोभाव हो । नेपाली सामाजिक प्रचलनमा नाक राख्नु भनेको इज्जत राख्नु वा प्रतिष्ठित हुनु हो तर 'म' पात्रका बुबा र ठुला बाले आमा र ठुली आमालाई दिएको चरम यातनाले समाजमा उनीहरूको इज्जत गएको छैन बरु उल्टै उनीहरू भित्रको मर्दना पुरुषत्व बलियो भएको देखिन्छ । 'म' पात्रका बुबा घरमा श्रीमती छँदाछँदै आफ्नै घरको बैठकमा अन्य आईमाईसँग मोजमस्ती गर्दै निर्धक्क हिँड्छन् र पनि समाजमा उनका बुबाको रवाफ बढ्दो छ, नाक काटिएको छैन । 'म' पात्रका ठुला बाले पुरुषार्थको नाममा आफ्नो शारीरिक कमजरीलाई छिपाएर निर्दोष आफ्नी श्रीमतीलाई घुस्सा र लात वर्षाउने व्यक्तिको समाजमा प्रतिष्ठा कायम रहेको छ । नारीलाई एउटा वस्तुजस्तो ठानी छानीछानी प्रयोग गर्ने सोचाइ भएका यस्ता प्रतिस्पर्धी मनोभावका विषाक्त पुरुषलाई समाजले कहिल्यै बदनाम गर्दैन । 'म' पात्रका बुबाजस्तै विषाक्त विचार भएका उनका साथीहरू 'म' पत्रका बुबालाई सम्झाएर त्यस्तो लतबाट सचेत गराउनुको सट्टा उल्टै उनका बुबासँगै रक्सी र डिस्कोमा रमाएर उनकै स्तुती गाउँने गर्छन् । यस्तै अन्य पुरुषहरू समाजमा पावरवालाको पाउ मोल्दै झुट्को खेती गर्दै, चाकडी र चुक्ली लगाउँदै आफ्नो दुनो सोझ्याउने गर्छन् । यस्तै खराब संस्कृतिको कारण समाजमा अराजकताले प्रश्रय पाएको छ । यदि समाजले यस्ता विषाक्त चरित्रको प्रतिकार गर्दथ्यो वा बेइजती बनाएर समाजमा बस्न नालायक गराउँथ्यो भने यस्ता गतिविधि कम हुँदै जान्छ । 'म' पात्रको उक्त विचारका आधारमा समाजमा खराब आचरणप्रति कुनै प्रश्न नउठेको र इज्जत नगएको कारण यस्ता प्रतिस्पर्धी मनोभावका विषाक्त पुरुषत्व मौलाउँदै गएको भाव अभिव्यक्त भएको पाइन्छ । तसर्थ समाजमा खुलेआम गलत क्रियालाप गर्न कहिल्यै पछि नहट्ने खराब आचरणका 'म' पात्रका बुबा, ठुला बा र अन्य व्यक्तिहरू प्रतिस्पर्धी मनोभाव भएका विषाक्त पुरुषत्व हुन् ।

**अपराध र हिंसा**

कानुनले निषेध गरेका काम गर्नु अपराध हो भने शारीरिक, मानसिक र भावनात्मक रूपमा कसैलाई चोट पुऱ्याउनु हिंसा हो । सबै हिंसा कानुनि रूपले अपराध मानिन्छ । कारागार उपन्यास काठमाडौँको सेरोफेरोमा रहेर लेखिएको सामाजिक यथार्थपरक उपन्यास हो । रेस्टुराँ र कफीहाउसमा चियाँ, कफी र लेबल लागेका रक्सी र चुरोट खाँदै अर्काको बारेमा चाहिँदा नचाहिँदा कुराहरू गरेर हँसी मज्जामा समय बिताउने र आधारातमा घर फर्किएर श्रीमतीलाई यातना दिँदा आफूलाई पुरुषार्थी ठान्ने 'म' पात्रका अफिसका हाकिमजस्ता पुरुषहरूको अनैतिक क्रियाकलापलाई यहाँ अपराध र हिंसाजन्य विषाक्त मनस्थितिका पुरुषत्वको रूपमा यसरी चित्रण गरिएको छ— "यस्ता 'फलानो र तिलानो' को लेबल लागेका कुरा गरेर पेट भर्नेहरूको कमी भन्ज्याङभित्र छैन । इन्दिरा र ओम रेस्टुरामा क्राइभेन चुरोट र स्टार बियर उडाएर यस्ता गफ चुटिरहेका भद्रभलादमीका घरमा बबुरा दुलहीहरू भान्सामा काँचो दाउरा फुक्दाफुक्दा पिरो आँखा पारी बल्लबल्ल मासको दाल, भात र आलुको झोल पकाइरहेका हुन्छन्" ( कारागार, पृ. ३१) । उक्त कथनका आधारमा आफूलाई समाजको भद्र भलादमीको पदावी झुण्डाएर ठूला ठूला कुरा गर्दै मपाइँत्व छाट्दै हिँड्ने घरमा श्रीमतीका कुरा नसुन्ने, श्रीमतीलाई सहयोग नगर्ने, घरको समस्या बारे बेवास्ता गर्ने, आफू रेस्टुराँमा बसेर मादक पदार्थ सेवन गरेर पैसा र समय बर्वाद गर्ने, घरमा सामान्य दालभातको जोहो गर्न नसक्ने 'म' पात्रका अफिसका हाकिमजस्ता नालायक व्यक्तिहरू घरेलु र महिला हिंसामा संलग्न रहेका अपराधिक मानसिकताले ग्रसित विषाक्त पुरुषत्व हुन् ।

कार्यालयमा कामको आधारमा पद विभाजन गरिएको हुन्छ । उच्च पदमा रहेका पदाधिकारीहरूले पदीय शक्तिको आडमा रहेर आफूभन्दा तल्लो पदमा रहेका कर्मचारीहरूमाथि श्रम शोषण मात्र होइन यौन शोषण समेत गर्न पछि पर्दैनन् भन्ने कुरा 'म' पात्रलाई उनका हाकिमले लगाएका कुदृष्टिका आधारमा यसरी पुष्टि गर्न सकिन्छः

> हाकिम महोदय जाडोको याम भएकाले सरकारी हिटर बाली रनक्क भएर बसेका । आँखाका दुवै कुनामा नदेखिने प्रकारको वासनामय तरलता । पस्मिनाको खास्टोले मैले राम्ररी नै आफ्नो आङलाई ढाकेकी थिएँ । तर पनि उनको आँखाका हिंस्रक लोलुपताले मलाई उदाङ्गको आभास गरायो र म खास्टोभित्र पनि एकपल्ट खुम्चिएँ । (कारागार, पृ.३२)

'म' पात्रको यस प्रकारको अनुभूतिका आधारमा 'म' पात्रको हाकिमको हिंसात्मक सोचाइ प्रष्ट भएको छ । यस्तो यौन हिंसात्मक मनोभाव रहेका हाकिमजस्ता विषाक्त पुरुषका कामुक हेराइबाट पढेलेखेकी सेक्सनअफिरजस्तो उच्च पदमा रहेकी 'म' पात्र समेत आफ्नो अस्मिता रक्षाको लागि हतोत्साही रहनु परेको छ । 'म' पात्र अविवाहित छ भन्ने थाहा पाएका हाकिमको अपराधिक मानसिकताको यौनमनोविज्ञान 'म' पात्रले राम्री बुझेकी छन् । सामाजिक कार्य विपरीत भट्टी पसलमा पसेर रक्सी र तासमा भुल्नु सामाजिक अपराध हो । रक्सी पिएर आधारातमा घर पुगी निद्रा र थकानले गलेकी श्रीमतीलाई दुःख दिने 'म' पात्रका हाकिमजस्ता पुरुष पात्र घरलु हिंसामा संलग्न रहने अपराधी मानसिकता भएका हिंसात्मक विषाक्त पुरुषत्व हुन् भन्ने अभिव्यक्ति तलको तथ्यबाट प्रष्ट हुन्छः

> उनको औपचारिक हाँसोमा माउसुलीले फुत्तफुत्त जिब्रो निकालीनिकाली पुतली निल्न लागेको बेलाको जस्तै तत्परता देखें । मैले उसलाई हेरेँ न उसको घिनलाग्दो हाँसोको प्रत्युत्तर नै दिएँ । तर पञ्चतत्वले बनेको मासु नै मासुको थुप्रोलाई यसले कुनै प्रतिकूल असर पारेन, बरु मासुको थुप्रोको वाक्य पो फुट्यो– "चिया खानुहोस् न, चिसो भइसक्यो, जाडो पनि कत्ति होइन ? काम नभएको बखत त अफिसमा बस्न पनि बोर नै लाग्ने, यसै त एक्लो हुनुभएकोले घरमा यहाँलाई त बोर नै लाग्दो हो ।" मनमनमा सोचें– अहँ बोर लाग्दैन, पटक्कै लाग्दैन । लोग्ने भनाउँदा तिमीहरूजस्ता मासु नै मासुका थसुल्लाहरू, जो अड्डापछि कुनै भट्टीमा जान्छौ अथवा सर्प प्वालमा पसेजस्तो पप्लूको अड्डामा पुग्छौ र आधारात भएपछि घरको कामले थाकेर चूर भएर मीठो निद्रामा पुगेका स्वास्नीहरूलाई (कुनै भावनात्मक अनुरागबिना) दुःख दिन पुग्छौ, बरु तिमीहरूजस्तो लोग्नेको उपस्थितिले बोर हुन्थेँ हुँला" । (कारागार, पृ. ३३)

प्रस्तुत उद्धरणका आधारमा 'म' पात्रका हाकिमले 'म' पात्रप्रति देखाएको औपचारिक हाँसोमा यौन हिंसाको स्वार्थ मिसिएको छ । माउसुलीले पुतली निलेजस्तै 'म' पात्रको यौवन निल्ने मौका छोप्ने उनका हाकिम खराब आचरणका पुरुष हुन् । विषाक्त मनस्थितिको हाकिमको कुदृष्टिले 'म' पात्रलाई आकर्षण गर्न सकेन किन कि 'म' पात्रलाई ती हाकिमको कालो कर्तुतले आकर्षणभन्दा बढी घृणा भाव जागृत गराएको थियो । 'म' पात्र आफू अविवाहित भए पनि ऊ आफ्नो कर्तव्यप्रति निष्ठावान् छ । ऊ आफ्नो घर गृहस्थी र जिम्मेवारबाट पन्छिएर आफूमा पुरुष हुनुको दम्भ देखाएर हिँड्ने पुरुषप्रति हेयको भावले हेर्छे । दिनभर न्याय र कानुनको खोल ओढेर अड्डामा काम गर्ने रात परेपछि तिनै न्याय र कानुन विपरीत रक्सी पिएर आधा रातमा घर गएर दिनभरिको कामको थकानले चुर भएर गहिरो निद्रमा सुतेकी स्वास्नीलाई दुःख दिने 'म' पात्रका हाकिमजस्ता लोग्नेहरूलाई ऊ घृणा गर्छे । यस्ता नालायक लोग्ने बेहोर्नु परेको भए उसको जीवन कति नर्कतुल्य हुन्थ्यो होला भन्ने सोच्दै त्यस्ता अपराधिक मानसिकता भएको लोग्नेलाई भोग्नुभन्दा आफ्नो अविवाहित जीवनप्रति आफू कयौँ गुना सन्तुष्ट रहेको भाव 'म' पात्रले व्यक्त गरेकी छ । यसरी कारागार उपन्यासमा 'म' पात्रको हाकिमले घरकी श्रीमतीलाई गरेको व्यवहार र 'म' पात्रप्रति लगाइएको कुदृष्टिका आधारमा ऊ महिला यौनहिंसा र घरेलुहिंसात्मक कार्यमा संलग्न अपराध र हिंसाजनक विषाक्त पुरुष हो ।

निर्बन्ध उपन्यासकी केन्द्रीय पात्र 'म' पात्रका बुबा र उनका ठुला बा यस उपन्यासका अपराध र हिंसाजनक क्रियाकलामा प्रत्यक्ष सहभागी भएका विषाक्त पुरुषत्व हुन् । 'म' पात्रकी आमा विषाक्त विषाधाराका पतिको कुटपिट र दुर्व्यवहारबाट पीडित रहेकी छ । 'म' पात्रकी आमा निर्दयी र विषाक्त चरित्र भएको लोग्नेको सिकार बन्न पुगेका कुरा 'म' पात्र यसरी व्यक्त गर्छेः

> रुपियाँपैसा र सोच्नै नसोचेको ऐश्वर्यको विपुलताले उहाँलाई उजगुज पाऱ्यो । बुबाका अपूरा सोख र इच्छाहरू जति पूर्ण हुँदै गए उत्ति बढ्दै गए । कतिसम्म भस्मासुर हुनुभयो उहाँ भने अजस्र ऐश्वर्यकी स्वामिनी मेरी आमा नै उहाँको निष्ठुरता र दुष्टता पोखाउने भाडा बन्न पुगिन् । अब आमासित भोजभतेर, निम्ता आदिमा जान उहाँलाई लाज लाग्ने भयो । आमाले आफ्नै विशाल दरबारको चारओटा अग्लाअग्ला पर्खालभित्र थुनुवा हुनुपऱ्यो र तिनै थुनुवा आमाको श्रीसम्पत्तिमा बुबा पर्खालबाहिर यत्रतत्र मनपरी गरेर हिँड्न थाल्नुभयो । (निर्बन्ध, पृ. १५)

प्रस्तुत उद्धरणका आधारमा 'म' पात्रका बुबा गरिब तथा सामान्य परिवारका व्यक्ति हो । ऋणधन गरेर जसोतसो दैनिक गुजरा चलाएर बसेका 'म' पात्रको बुबा बिहेपश्चात् एकाएक लखपति बन्न पुगको छ । 'म' पात्रकी आमाले ल्याएकी अथाह दाइजोको कारण 'म' पात्रको बुबाको जीवनमा एकाएक परिवर्तन आएको हो । उसले जीवनमा कहिल्यै नचिताएको जीवनशैली जिउन पाउँदा उसलाई मैमत्ता बनाएको छ । 'म' पात्रकी आमाको कारणले 'म' पात्रको बुबा ऐश्वर्यशाली बनेका हो । उही घरानीया 'म' पात्रकी आमा विषाक्त चरित्र भएको पुरुषको निष्ठुरता र क्रुरता पोख्ने भाँडो बन्न पुगेकी छ । श्रीमतीका कारण धनी बनेको 'म' पात्रको बुबा ससुरालीले दाइजो दिएको घरको बैठकमा जुवातासमा रमाउँदै र अनैतिक यौनाचरणको रसलीला गरेर बस्ने गर्दछ । उसलाई आफ्नी श्रीमतीलाई लिएर आफन्त, इष्टमित्रको बिहे भोजभतेरमा समेत हिँड्न लाज लाग्छ । ऊ हृदयको कुनै पनि कुनामा श्रीमतीप्रति दयामाया, प्रेम र करुणा नभएको अपराधी व्यक्तित्व हो । 'म' पात्रकी आमा माइतीको अथाह सम्पत्ति र त्यसको मालिकनी हुँदाहुँदै पनि त्यही घरको कठघेरामा बन्देज बन्नु परेको यथार्थ यस कथांशमा अभिव्यक्त भएको छ । आफ्नी श्रीमतीसँगको निर्दयी व्यवहारका आधारमा 'म' पात्रकी आमाले आफ्नो पतिबाट मानसिक यातना सहनुपरेको छ । श्रीमतीको इच्छाविपरीत अनैतिक गतिविधि गरेर मानसिक र शारीरिक रूपमा हिंसा गर्ने 'म' पात्रका बुबा अपराधी मानसिकता भएको विषाक्त पुरुषत्व हो ।

निर्बन्ध उपन्यासकी 'म' पात्र अबोध छँदा बुबाले आमालाई गरेका व्यवहार र आमाले देखाएको प्रतिक्रिया बुझ्दैन थिई । आफू केही बुझ्ने भएपछि बुबाको अनैतिक व्यवहारबाट आमाले सहनु परेको चोट 'म' पात्रले यसरी महसुस गरेकी छ– "अहिले म बुझ्छु, किन आमा बैठककोठाको अखाडाबाट सकेसम्म टाढा भाग्थिन् र किन सुसारे सकेसम्म कान टँसाइराख्थी । आफ्नो दुलाहको अरुप्रतिको लिप्सा, आकर्षण र तत्सम्बन्धी उत्ताउला, घिनलाग्दा र नग्न कुरा मेरी आमाको निम्ति भाला, बर्छा र करौँती बन्दथ्यो" (निर्बन्ध, पृ. १७) । प्रस्तुत अनुभूतिका आधारमा 'म'

पात्रका बुबाको विषाक्त चरित्रका कारण 'म' पात्रकी आमाले मानसिक पीडा भोग्नु परेको छ। 'म' पात्रकी हजुरआमाले आफ्नो मृत्युपश्चात पनि छोरीले सुख पाउली भनेर ज्वाइँलाई अथाह धनसम्पत्तिको मालिक बनाएकी थिई । एउटी नारीको लागि उसको लोग्नेको सामिप्यता जति प्यारो अर्को कुरा कुनै हुँदैन तर 'म' पात्रका बुबा ससुरालीको घरको बैठकमा बसेर अन्य स्त्रीसँग आकर्षण भई तत्सम्बधी छाडा र उत्ताउलो व्यवहार गरेको देखेर 'म' पात्रकी आमा मानसिक रूपमा बिछिप्त बनेकी छ । आफ्नो दुलहाको अरू स्त्रीसँगको नग्नता, लिप्सा र घिनलाग्दा क्रियाकलापले उनको हृदय भाला, बर्छा र करौँतीले रेटेझैँ छियाछिया भएको छ। आफ्नै घरको संघारमा आफ्नै घरकी नोकर्नीसँगको यौनक्रिडा देख्न नपरोस् भनेर 'म' पात्रकी आमा लुकीलुकी हिँडेकी छ । यसरी तन, मन, धनसहित सर्वस्व सुम्पिएर बसेकी आफ्नी श्रीमतीलाई बेवास्ता गरी मानसिक पीडा दिने 'म' पात्रका बुबा हिंसा र अपराधी व्यक्ति हो।

'म' पात्रकी आमाजस्तै उनकी ठुली आमा पनि निर्दयी पतिको कुटपिटबाट हिंसामा परेकी छ । निसन्तान 'म' पात्रकी ठुली आमाको दाम्पत्य जीवन निराशमय त छँदै थियो त्यसमा पनि लोग्नेको कुटपिटबाट समेत उनी थप पीडित भएको कुरा यसरी व्यक्त भएको छ- "सदैव आफ्नी अर्धाङ्गिनीलाई प्रहार गर्ने थुतुनो, हात, लातजस्ता सारा हातहतियार फ्याँकेर मूर्तिजस्तै बनेका थिए" (निर्बन्ध, पृ.४२) । प्रस्तुत उद्धरणका आधारमा 'म' पात्रको ठुला बामा निहित अहम्, निर्दयी, क्रुर र अविवेकी स्वभाव झल्किएको पाइन्छ । आफ्नी श्रीमतीले सन्तान जन्माउन नसक्नुमा आफ्नो कमजोरी पनि हुन सक्छ भन्ने अनुमान उसले कहिल्यै लगाउन सकेन । ऊ एउटी नारी परपुरुषको लागि माइतीघरको सर्वस्व त्यागेर कसरी समर्पित भएकी हुन्छे र त्यस्ती त्यागीलाई नारीलाई कसरी माया र सम्मान दिनु पर्छ ? भन्ने कुरा महसुस गर्न नसक्ने अविवेकी पुरुष हो। एउटी नारी आमा बन्न नसक्दा ऊभित्रको मातृत्व कसरी जिउँदो लास बनेको हुन्छ भनी मातृत्वको अनुभूति गर्न नसक्ने कठोर व्यक्ति हो। शारीरिक समस्या जो कोहीलाई पनि पर्न सक्छ तर यस्ता कमजोरीको समयमा परीक्षण गरी समस्या समाधानतर्फ अगाडि बढ्नु पर्छ भन्ने बोध गर्न नसक्ने अविवेकी व्यक्ति हो। 'म' पात्रका ठुला बाले आफ्नी अर्धाङ्गिनीलाई हात, लात र तिखा बाणवचन प्रहार गरेर उसको मर्म भेदन गरेको छ । जसका कारण 'म' पात्रले आफ्नै लोग्नेबाट हिंसा बोध गरेकी छ । तसर्थ 'म' पात्रको ठुलाबा अपराध र हिंसात्मक स्वभावका विषाक्त पुरुषत्व हो।

**कठोरता**

अरूको नजरमा आफ्नो भ्रमात्मक पुरुषत्वलाई बचाइ राख्न आफूभित्रको संवेदनालाई दबाएर राख्ने, अरूको अगाडि रुँदा, लजाउँदा, भावुक हुँदा, घरायसी काम गर्दा आफ्नो पुरुषार्थ कमजोर भएको महसुस गर्ने विषाक्त पुरुषत्वहरू आफूलाई शक्तिशाली र बलियोपन देखाउन अरूप्रति कठोर बनेर देखाउने गर्दछन् । विषाक्त पुरुषत्वमा कठोरता प्रदर्शन गर्नु नै आफ्नो प्रतिष्ठा हो भन्ने भ्रम रहेको हुन्छ । वानीरा गिरिको कारागार उपन्यासमा 'म' पात्रप्रति उनका सहोदर दाजुहरूले सम्पत्तिको लोभमा निर्दयी र कठोर व्यवहार देखाएका छन् । उपन्यासकी 'म' पात्रले सम्पत्तिको मोहका कारण आफ्ना दाजुभाउजूले आफूलाई षडयन्त्रले जेलिएको देखावटी माया गरिरहेका छन् भन्नी यसरी बोध गरेकी छ– "दाजुहरू मलाई पहिलेभन्दा अझ माया गर्थे, भाउजू बढ्तै स्नेह गर्थिन्" (कारागार, पृ.७९) । यहाँ माया, प्रेम, सद्भाव संवेगात्मक पक्ष हुन् जुन अदृश्य हुन्छ तर अनुभूतिगम्य हुन्छ। सम्पत्तिका लागि उसका दाजुहरू 'म' पात्रलाई पहिलेभन्दा बढीमाया देखाएर पैतृकसम्पत्तिको संरक्षण गरी अझ धनी हुन चाहन्थे । बाध्यताले अविवाहित रहेकी 'म' पात्र स्वयम् उमेरले परिपक्क नारी हुन् त्यसैले दाजुहरूले देखाएको अभिनय उसले राम्ररी बुझेकी छ। आफूमा कुनै खोट नभएको र आफ्ना लागि योग्य वर माग्न आएको कुरा उसलाई राम्ररी थाहा छ। त्यसैले ऊ भन्थी– "पहिलेपहिले त मैले सोचेँ– दाजुहरू आफ्नी प्यारी बहिनीको निम्ति सर्वश्रेष्ठ वर र घर हेर्दै छन्" (कारागार, पृ.८०) । यसरी सिङ्गै घरको अभिभावकत्व निभाउने दाजुभाउजू आफ्नो लागि उत्कृष्ट ज्वाइँको खोजीमा छन् भन्ने भ्रममा 'म' पात्र थिई । आफूलाई असल लोग्ने र राम्रो घरबारको आशा देखाउनु आफूलाई पहिलेभन्दा अझ माया गरेको बहाना गर्नुको कारण आफ्नो भागमा परेको पैतृकसम्पत्तिप्रतिको मोह हो भन्ने विस्तारै उसले बोध गरेकी छ।

सम्पत्तिको लोभले आफ्नी एक्ली बहिनीप्रतिको बनावटी माया देखाउने 'म' पात्रका दाजुहरू कठोर स्वभावका विषाक्त पुरुषत्व हुन् । आफ्ना दाजुहरूले आफूलाई गरेको देखावटी मायालाई 'म' पात्रले यसरी बोध गरेकी छः

> ... इच्छापत्रले थाहा नै नपाई दाइहरूको मनमा कसरी लोभ र लालचको बीजारोपण गरिदियो र कसरी त्यो क्रमशः बढ्दै वटवृक्षमा परिणत भयो– त्यो मैले समयको ऐनामा हेरेपछि मात्र थाहा पाएँ । तर यो थाहा पाउनु धेरै अबेर भयो मेरो निम्ति– इच्छापत्रको टिकट मसँग थियो तर प्लेटफार्म रित्तो । अब यो टिकटको मेरो निम्ति कुनै अर्थ थिएन, दाजुहरूको स्वार्थयज्ञ शान्तिपूर्ण ढङ्गले सम्पन्न भएको थियो । यज्ञको धुवाँमा रूमलिनुपर्ने मेरो कर्मसित झिजो मानीमानी मैले सम्झौता गरेँ । अनि त सम्झौताको क्रम सुरु भयो– मेरो जीवनमा । क्रमशः बढी अन्तर्मुखी बन्दै गएँ म, बहिर्मुखी त कहिले पो थिएँ र ? (कारागार, पृ. ८२)

प्रस्तुत हरफहरू कारागार उपन्यासकी केन्द्रिय पात्र 'म' पात्रको अनुभूतिलाई दर्शाउने वाक्यहरू हुन् । 'म' पात्रका दाजुहरूले गर्ने व्यवहारमा एकाएक परिवर्तन गराउने एक मात्र कारण उनका बुबाले गरेका इच्छापत्र हो । सुरुमा 'म' पात्रका दाजुहरूले बुबाले गरेका इच्छापत्रलाई कानुनी सहमती जनाए पनि व्यवहारमा बहिनीलाई सम्पत्ति दिन भने सजिलै राजी भएका छैनन् । 'म' पात्रका दाजुहरूले सोझै अंश दिन्नँ भन्नुभन्दा बहिनीलाई झुटो मायाको भ्रममा रूमल्याएर असल केटाको खोजी गरिरहेको अभिनय गरेर बहिनीको भागको सम्पत्ति आफ्नो गराउने षडयन्त्र रचिरहेका छन् । सुरुका केही वर्ष बुबाले मृत्युपुर्व लेखेका इच्छापत्र आफ्ना दाजुहरूको लोभको बिउ हो जुन विषाक्त वृक्ष आफ्नै हितविपरीत झाँगिदै छ भन्ने उसले बुझ्न सकिन । आफ्नो भागको अंश छँदाछँदै बहिनीको भागमा कुदृष्टि लगाउने दाजुहरूको लोभको भाँडो दिनप्रति दिन बढ्न थालेको छ । बहिनीलाई बिहे गरेर दिँदा बहिनीसँगै उसको भागको अंश नबाहिरियोस् भन्ने उनीहरूले सोचेका छन् । उनीहरू अनेक बाहाना देखाएर बहिनीलाई अविवाहित राखी कालन्तरमा बहिनीको भागको अंश दुई दाजुभाइ बाँडेर खाने विचारमा रहेका छन् । सुरूमा दाजुहरूको देखावटी मायामा रमेकी 'म' पात्रले आफ्नो उमेरले कोल्टे फेरेपछि मात्र आफ्नो विवाहका प्रसंगमा उठेका केटामा देखाइएको खोटलाई झुटको खेतीको रूपमा बोध गरेकी छ । आफ्नो सम्पत्तिको स्वार्थको निम्ति बहिनीको इच्छा आकांक्षा र चाहनालाई हवन गर्ने दाजुहरूको षडयन्त्रलाई बुझ्न 'म' पात्रलाई ढिलो भएको छ । पढेलेखेकी, उमेरले परिपक्क भएकी राम्री सर्वगुण सम्पन्न 'म' पात्र बाध्यतावश अविवाहित बन्नु पर्दा पितृसत्तात्मक समाजले 'बुढीकन्ने'को पद झुण्डाइ सकेको छ । आफूलाई अविवाहित राखिनुको यथार्थ छर्लङ्ग भएपछि 'म' पात्रले दाजुहरूसँग विवाद गर्नुको कुनै अर्थ थिएन । घरमा दाजुका परिवार थिए तर 'म' पात्र परिवार भित्रै भएर पनि नितान्त एक्लो थिई । आफ्नो मनको सुखदःखको कथा सुन्दिने कोही नहुँदा ऊ अन्तर्मुखी बन्न बाध्य भएकी छ । त्यसैले  सम्पत्तिको लागि आफ्नै बहिनीप्रति षडयन्त्रको फोहोरी खेल खेल्ने 'म' पात्रका दाजुहरू कठोर हृदय भएका विषाक्त पुरुषत्व हुन् ।

वानीरा गिरिद्वारा लिखित निर्बन्ध उपन्यास पुरुष आलोचनात्मक उपन्यास हो । यस उपन्यसकी केन्द्रीय पात्र 'म' पात्रले आफ्नै घरभित्र आफ्नै बुबाले आमालाई र ठुलाबाले ठुली आमालाई दुव्र्यवहार गरी निमुखा प्राणीझैँ बन्धित गरेर अनेकौँ शारीरिक र मानसिक यातना दिएर कुण्ठित बनाएको प्रत्यक्ष देखेकी छ । एउटी महिलाको पीडा बोध गरी त्यस व्यवहारको प्रतिकार स्वरूप 'म' पात्र आफूलाई  निर्बन्धित तुल्याई आफ्नै बुबासँग प्रतिशोधको भावना लिएकी छ । उपन्यासमा 'म' पात्रलाई निर्बन्ध तुल्याउन बाध्य पार्ने आफ्नै बाबुको र ठूलाबाको क्रियाकलापलाई यस अनुसन्धानमा विषाक्त पुरुषत्व सम्बन्धी कठोरताको पक्षबाट विश्लेषण गरिएको छ । यस उपन्यासकी 'म' पात्रले आफ्ना बुबाको काला कर्तुत यसरी व्यक्त गरेकी छः

> आमाको निम्ति बिहानीको अर्थ नै एक्लो द्वीपको पूजाअघ्र्य हुन्थ्यो । बुबा कुम्भकर्णझैँ लम्पसार परेर सुति रहनुहुन्थ्यो कुबेलासम्म । म ढोकाबाट यस्सो भित्र चियाउँथेँ– बुबा सुतेको ठाउँमा पाशविक शान्ति हुन्थ्यो । अर्थात् त्यो वातावरणमा अनौठो किसिमको शान्ति हुन्थ्यो– जस्तो कि ठूलो युद्धभूमिमा, झन्डैझन्डै त्यस्तै । अथवा, भनौँ न, सुधी गाईलाई भोको बाघले तृणभूमिमा नै लुछलाछ गर्दा त्यो गाईको करूण ब्वाँब्वाँ बन्द भएपछि कस्तो निस्तब्ध शान्ति व्याप्त हुन्छ नि झन्डैझन्डै उस्तै । मैले यस प्रकारका उदाहरण त्यसै दिन खोजिरहेकी छैन । मेरा बुबालाई मैले त्यही भोको बाघको रूपमा पाएँ । र आमालाई छयाल्लब्याल्ल भएकी गाईको रूपमा । (निर्बन्ध, पृ. १८)

प्रस्तुत उद्धरणमा गाईको प्रतीकको रूपमा 'म' पात्रकी आमा रहेकी छ भने बाघको प्रतीकको रूपमा 'म' पात्रको बुबा रहेको छ । 'म' पात्रका बुबा आफ्नी पत्नीका लागि एक विवेकहीन लोग्ने हो । घरमा श्रीमती, दुई छाराछोरीका बाउ र ससुरालीको अथाह सम्पत्तिका मालिक बनेको 'म' पात्रका बुबा निष्ठुर र दयामाया नभएको गैरजिम्मेवार पात्र हो । घरमा श्रीमतीलाई सम्मान र प्रेम गर्न छाडेर ससुरालीको घरमा घरज्वाइँ बसेर श्रीमतीकै आँखा अगाडि उसैलाई अपमान गरी ससुरालीको बैठक कोठालाई जुवा तास र तरूनीहरूलाई हँसाउने, नचाउने र उनीहरूसँगै यौनानन्दमा रमाउन चाहने खराब आचरणको 'म' पात्रको बुबा विषाक्त पुरुष हो । आफ्नी सोझी श्रीमतीको मनोभावना नबुझी हिंस्रक बाघले झैँ झम्टिएर सधैँ डर, त्रास र धम्की दिएर बस्ने 'म' पात्रको बुबा दयामाया नभएको कठोर व्यक्ति हो । बिहान सबैरै उठेर पूजापाठ गरेर शान्तिपूर्ण वातवरणमा रम्न चाहने 'म' पात्रकी आमाको स्वभावविपरीत 'म' पात्रको बुबा सधैँ घरमा अनैतिक व्यवहार गर्ने, केही काम नगर्ने, कुबेलासम्मा सुत्ने र पाश्विक गतिविधिमा सरिक भई घरमा अशान्ति र कोलाहल मच्चाउने असत पात्र हो । यिनै स्वभाव र व्यवहारका आधारमा 'म' पात्रको बुबा कठोर मनोभाव भएको विषाक्त पुरुष हो ।

**महिलाको वस्तुकरण**

महिलालाई भावना, क्षमता र पहिचान नगराई भोग्यवस्तुको रूपमा व्यवहार गरिनु महिलाको वस्तुकरण हो । वानीरा गिरिद्वारा लिखित कारागार उपन्यासले मुख्यतः स्वतन्त्रविहीन इच्छा आकांक्षालाई संकेत गरेको छ । विशेष गरेर जेल जीवन बिताइरहेका 'म' पात्रको मामा, अन्य बन्दीहरू र 'म' पात्रको हाकिम, जेलमा रासनपानी गर्ने ठेकदार (काले) आदिमा कुण्ठित यौन स्वतन्त्रतालाई कारागारसँग तुलना गरिएको छ । यिनै पुरुष पात्रहरूले आफ्ना अतृप्त यौनतृष्णा अभिव्यक्त गर्ने सन्दर्भमा महिलालाई अन्य पक्षबाट भन्दा यौन चाहना पूरा गर्ने साधनका रूपमा लिएको प्रसंगलाई यहाँ महिलाको वस्तुकरणको कोणबाट विश्लेषण गरिएको छ । उपन्यासकी केन्द्रीय पात्र 'म' पात्रका मामाले महिलालाई वस्तुको रूपमा लिने गरेको घटनालाई उसले यसरी अभिव्यक्त गरेकी छः

> ...ऊ बार्दलीमा हामीले देख्ने ठाउँमा उभिन्थी । हामी 'तँछाडमछाड' गर्दै उसलाई हेर्न जान्थ्यौँ । बैंसले मतमताउँदी पनि होइन तर हामी आफ्नो कल्पना र दिवास्वप्नको रङ्गले रङ्गिएर उसलाई मतमताउँदी ठान्थ्यौं र त्यसैमा हामीलाई अपार यौनसुख प्राप्त हुन्थ्यो । यसबीचमा छ्याकीको बैंसलाई कुतकुत्याउने एउटा पात्र देखा पऱ्यो– जेलमा रासनपानी सप्लाई गर्ने ठेकदार । ऊ पनि काले, गैठै थियो । हाँस्दा माथिल्लोपट्टिको नीलो गिजा घिनलाग्दो गरी देखिने । प्रायः दिउँसो दुई बजेतिर क्वाटरमा चालचुल केही हुँदैनथ्यो, अनि यही स्वर्णमौकामा छ्याकी र उसको खासा दैनिक प्रेमलीला सुरु हुन्थ्यो । ऊ छ्याकीको गाला चिमोट्ने, छाती पक्रने र म्वाइँ खाने काम निस्फिक्रीसित गथ्र्या । ती दृश्यहरूले हामीजस्ता राजनैतिक कैदीहरूलाई समेत यौनयन्त्रणाको चरमसीमामा पुऱ्याउँथ्यो भने तत्सम्बन्धी जघन्य अपराध गरेका बबुरा अपराधीहरूलाई समलिङ्गी तुल्याउन बाध्य गराउँथ्यो । ( कारागार, पृ. ४९—५०)

प्रस्तुत उद्धरण कारागार उपन्यासकी केन्द्रीय नारी पात्र 'म' पात्रका मामाले आफ्नी अविवाहित भान्जी 'म' पात्रलाई यौनको अर्थ बोध गराउने सन्दर्भमा भनिएको भनाइ हो । 'म' पात्रका मामा राजनीतिक कण्डमा जेल सजाय भोगिरहेको कैदी हो । आफू जेलमै रहँदा पनि जेलको डाक्टरकी छ्याकी छोरीतर्फ ऊ आकर्षित भएको छ । डाक्टरकी छ्याकी छोरी र 'म' पात्रका मामाबिच उमेरमा धेरै अन्तर छ तर पनि उसको छ्याकीलाई हेर्ने नजर गलत छ । यदि ऊ राम्रो आचरणको थियो भने त्यस बालिकाप्रति उसले कुदृष्टि लगाउले थिएन । छ्याकी हेर्दा रूपमा राम्री नभएकी भनी उसको शरीरको मूल्याङ्कन गर्ने जेलका पुरुष कैदीहरू आफ्ना सारा कर्तुन बिर्सिएर छ्याकीलाई हेर्न पाउँदा यौन भावले कुत्कुत्याइएका छन् । महिला पनि मान्छे हो उसका पनि आफ्नो इच्छा, आकांक्षा, रहर, आरोह अवरोह र छुट्टै पहिचान हुन्छ भनी बुझ्न नसकी उनीहरूले महिलालाई केवल यौन चाहना पूरा गर्ने साधनको रूपमा मात्र लिएका छन् । यसरी बार्दलीमा उभिएकी र आफ्नै काम धन्दामा बेस्त रहेकी छ्याकीलाई एकतर्फी रूपमा यौन दृष्टिले मूल्याङ्कन गर्ने विषाक्त मनस्थितिका 'म' पात्रका मामालगायतका अन्य कैदी पुरुषहरू महिलालाई वस्तुकरण गर्ने विषाक्त पुरुषत्व

हुन् । डक्टरकी निर्दोषी छ्याकी छोरीलाई कैदीहरूको आकर्षण आफूप्रति रहेको पत्तो छैन । कैदीहरू भने उसलाई मतमताउँदी युवती ठानेर उसैसँग आफू अपार यौनानन्द लुटिरहेको दिवास्वप्नमा मग्न भएका छन् । यसरी विषाक्त पुरुषत्वको भावना भएका पुरुषहरूमा महिलालाई हेर्ने दृष्टिकोण एउटा निर्जिव वस्तुजस्तो रहेको देखिएको छ । त्यस्ता पुरुषहरू महिलाको शरीरसँग खेल्ने र उनीहरूलाई भोग गर्ने लालचाले उचित मौका कुरिरहेका हुन्छन् । छ्याकीले प्रेम गरेको केटा काले हो । आफ्नी प्रेमीकालाई वस्तुकरण गर्ने ऊ पनि विषाक्त पुरुष हो किन कि ऊ पनि कोही नभएको मौका पारी निर्धक्क छ्याकीको गाला चिमोट्ने छाती पक्रने र म्वाइँ खाने गरेको छ । यदि ऊ आफ्नी प्रेमीकालाई सम्मानजनक व्यवहार गर्थ्यो भने मौका छोपेर उसको इच्छाविपरीत यौनजन्य क्रिडा गर्दैनथ्यो । त्यसैले कालेलगायत छ्याकीको शरीरसँग खेल्न नपाएका अन्य कैदीहरू महिलालाई यौनसन्तुष्टि पूरा गर्ने साधनका रूपमा हेर्ने विषाक्त पुरुषत्व हुन् ।

'म' पात्र अविवाहित, पढेलेखेकी, आफ्नो खुट्टामा उभिएकी सक्षम र सम्पन्नशाली महिला हो । महिला जति नै सम्पन्न भए पनि पितृसत्तात्मक समाजले पुरुषविना महिलालाई अपुरोसरह बनाएको छ । समाजले पुरुषलाई दिएको उच्च स्थानका कारण महिलाहरू माथि उठ्न सकेका छैनन् । समाजले स्थापना गरिदिएको मूल्यका कारण समाजमा अविवाति वा विधवा जे भए पनि ती नारीलाई पुरुषहरूले वस्तुकरण गरी यौनिक दृष्टिले हेर्ने गर्दछन् । पुरुषहरू सक्षम वा असक्षम जे भए पनि समाजमा उसको स्थान उच्च बनाइएको छ । सामाजिक सांस्कृतिक परम्पराले स्त्रीहरूलाई शक्तिविहीन बनाइएको अनुभूति 'म' पात्रले यसरी गरेकी छः

> ममा निहित (सीमित भए पनि) सम्पत्तिको छनक पाएर अधबैंसे– अधबैंसे लोग्नेमान्छेहरू मेरो वरिपरि रिंगिन खोज्छन् मैले वरण गर्नुपर्ने वरहरू जम्मै छोराछोरीका बाबु बनिसके । जति रहेका छन् तिनीहरू कि त कमाइधमाइ नभएका फट्टीचर छन् कि त बिहे भइसकेर पनि लालाबालाले घेरेर जहिले पनि अभावको सिकार भइरहनुपर्दा त्यो अभावभरणका निम्ति मलाई उपयोग गर्न चाहनेहरू छन्, कि त रक्सीका पुङ्गाहरू छन्, कि त राँडा अथवा गाँडा । उमेर रहेर पनि अविवाहित रहनेमध्ये त्यस्ता दरिद्र छन् जो आर्थिक विपन्नता ममाथि बिसाएर जीवनको गाडी पार लाउन चाहन्छन् । (कारागार, पृ. ९५)

कारागार उपन्यासकी 'म' पात्र अविवाहित नारी हो । पितृसत्तात्मक समाजले छोरालाई मात्र पैतृकसम्पत्तिको हकदार बनाइएको छ । 'म' पात्रका बुबा आदर्शवादी सोचाइका व्यक्ति भएकोले छोरा र छोरीमा कुनै भेद नगरी आफ्नो मृत्युपूर्व छोरीको नाममा पनि पैतृकसम्पत्ति विभाजन गरिदिएको छन् । बुबाको आदर्श विचारका विपरीत विषाक्त विचार रहेका 'म' पात्रका दाजुहरूलाई बहिनीको भागमा परेको सम्पत्तिप्रति लोभ जागेको छ । बहिनीलाई विवाह गरिदिँदा सम्पत्ति बहिनीसँगै बहिरिन्छ भन्ने विचारले बहिनीको भागको सम्पत्ति सुरक्षित राख्न बहिनीलाई पनि देखावटी मायाको अभिनय गर्दै अविवाहित राखेका छन् । बहिनीको इच्छा विपरीत रहेर आफ्नो स्वार्थको लागि बहिनीलाई मनोमानी चलाउने उपकरणजस्तो ठान्ने उसका दाजुहरू विषाक्त पुरुषत्व हुन् । आफ्ना रहरलाई बन्दक बनाएर आइलागेको सम्पत्तिप्रति 'म' पात्र खुसी छैन । 'म' पात्रसँग प्रसस्त सम्पत्ति भएको र ऊ अविवाहित रहेको थाहा पाउने पुरुषहरू उसको वरिपरि रिँगिन खोज्छन् । 'म' पात्र अविवाहित रहनु उसको व्यक्तिगत कमजोरी होइन । ऊ उमेर र भावना मिल्ने आफूलाई माया र साथ दिने युवकसँग विवाह गरी सार्थक जीवन जिउन चाहन्छे । दाजुको षडयन्त्रको कारण अविवाहित रहनु उसको बाध्यता हो । 'म' पात्रको महिला शरीरलाई उपभोग गर्न र उसको भागमा परेको सम्पत्ति हत्याउने मनसायले उसकै समाजका छोराछोरीका बाउ, कमाइधमाइ नभएका, घरको जिम्मेवार धान्न नसकेका, जँड्याहा, श्रीमती मरेका, कुरूप, असक्त र अयोग्य पुरुषहरू उसको वरको निमित्त अग्रसर रहेका देखिन्छन् । यस्ता विषाक्त पुरुषहरू आफूलाई पुरुष हुनुको पुरुषार्थ ठानी आफ्नो कमजोरीहरूलाई दबाएर पढेलेखेकी सेक्सनअफिसर जस्तो उच्च पदमा जगिर खाएकी, अथाह धनसम्पत्तिकी मालिक्नी 'म' पात्रलाई प्रयोग गर्न खोजेका छन् । ती पुरुषहरू 'म' पात्रलाई तुच्छ वस्तु ठानी यौन चाहना पूरा गर्ने र आफ्नो आर्थिक अभाव पूर्ति गर्ने एउटा साधनका रूपमा प्रयोग गर्न चाहन्छन् । तसर्थ महिलालाई मनलाग्दी प्रयोग गरी उनीहरूको भावनासँग खेलवाड गरेर आफ्नो स्वार्थ पूरा गर्न अघि सर्ने पुरुषहरू महिलालाई वस्तुकरण गर्ने विषाक्त पुरुषत्व हुन् ।

पहाडमा ‘म’ पात्रको बाको मरिसकेका भाइको एकलौटी बुहारी तरुनी हुँदैमा विधवा बनेकी थिई । विधवा हुनु उनको बाध्यता हो । एक त विधवा त्यसमा पनि परिवारको अन्य सदस्य नहुँदा पितृसत्तात्मक समाजमा टिक्न गाह्रो भएर ऊ रुँदै ‘म’ पात्रको घरमा शरण लिन आएकी थिई । पुरुषप्रधान समाजका पुरुषहरूले महिलालाई हेर्ने कमजोर दृष्टिका कारण उसको सतीत्वमाथि आइलागेको धारणा ती विधवा महिला ‘म’ पात्रकी आमासँग रुँदै आफ्नो धारणा यसरी व्यक्त गर्दछिन्ः

> तिनले आमासित रँदै भनेको सुनेँ–‘टिक्नै दिएनन् पहाडमा, आफ्नो भन्ने कोही रहेन, एक्लो हुनुजस्तो सराप तरुनीबरुनीलाई केही रहेनछ, न सासूससुरा, न देवरजेठाजु, न नन्दआमाजू, न छोराछोरी । एक्लो भएपछि सबैले हेप्दा रहेछन्–आफ्ना जायजेथा भए पनि गरिखान नपाइने, सबै सतीत्वमाथि नै आइलाग्ने । (कारागार, पृ. ७०)

प्रस्तुत उद्धरण ‘म’ पात्रको बुबाको स्वर्गीय भाइको विधवा बुहारी अभिव्यक्ति हो । ऊ गलत नियत रहेका पुरुषहरूका कुदृष्टिबाट जोगिन र सतीत्व रक्षाका लागि आफ्नो घर छोडेरे जेठोससुरा अथवा ‘म’ पत्रको घरमा शरण लिन आएकी सहाराहीन नारी पात्र हो । शरणमा पर्न आएकी बुहारीले एक्ली विधवा नारीलाई पुरुषप्रधान समाजले अमानवीय र यौन सन्तुष्टिको साधनको रूपले हेर्ने गरेको बताएकी छ । साथमा लोग्ने र आफन्त रहँदासम्म समाजमा उसको उचित मानमर्यादा रहने र कारणवश पतिविहीन हुनासाथ त्यही समाजका पुरुष वर्गले उसलाई गलत नजरले हेरी उसको सतीत्व डगाउने बाटो हेरिरहेको अनुभव उक्त नारीले व्यक्त गरेकी छ । पुरुषको यस्तै गलत हेराइबाट जोगिन र आफ्नो अस्तित्व रक्षाका लागि नारीले पुरुषको सहारा लिनुपर्ने सामाजिक मान्यताले पनि समाजमा पुरुषको वर्चस्व सधैँ शक्तिशाली र नारीको सध स्थान सधैं कमजोर बन्दै गएको उसले महसुस गरेकी छ । प्रस्तुत उद्धरणमा ‘म’ पात्रकी तरुनी भाउजू जायजेथा भएर पनि आफ्नो लोग्ने, सासूससुरा, र अन्य परिवारको संरक्षण नहुँदा आफूलाई खेलौना ठानी यौन शोषण गर्न आउने विषाक्त विचारका पुरुषको आक्रमणबाट बच्न आफ्नो घरबार नै छोडेर आत्मरक्षाका लागि आफन्तको घरमा शरणमा पर्नुपर्ने बाध्यता उसले यथार्थमा भोगेकी छ । त्यसैले अस्मिताको रक्षाको लागि उसले सुरक्षित आश्रयस्थलको खोजीमा ‘म’ पात्रको घरमा शरण लिएकी छ । यसरी अस्तित्व रक्षाका लागि शरण परेकी विधवा भाउजूलाई ‘म’ पात्रको ठूलोदाजुले गरेको व्यवहार पनि महिलाको वस्तुकरण हो । यसरी महिलालाई संवेदनशील नदेखी यौनेच्छा पूर्ति गर्ने वस्तुको रूपमा ठान्ने ‘म’ पात्रको ठुलो दाजु पनि महिलालाई वस्तुकरण गर्ने विषाक्त पुरुषत्व हो ।

पुरुषद्वारा नारीमाथि गरिएको उपेक्षा र वस्तुकरणको आलोचनास्वरूप लेखिएको निर्बन्ध उपन्यासकी प्रमुख नायिका ‘म’ पात्रले पुरुष व्यवहारको आलोचना गर्दै प्रतिशोधको भावना लिई निर्बन्ध बनेकी छ । उही ‘म’ पात्र यस उपन्यासकी प्रस्तोता हो । ‘म’ पात्रका बुबाले ‘म’ पात्रकी आमालाई र आफ्नै घरमा काम गर्न बसेका सहयोगीहरूलाई गरेको अनैतिक व्यवहारका आधारमा ऊ विषाक्त पुरुषत्व हो । कुनै पनि श्रीमतीको लागि आफ्नो श्रीमान् परस्त्री गमन गर्छ भने त्योभन्दा पीडा अर्को हुन सक्दैन । ‘म’ पात्रको बुबा घरमा श्रीमती हुँदाहुँदै महिलालाई मनोरञ्जनको साधन ठानी अन्य केटीसँग मोजमस्तीमा रमाउने गरेको प्रसंगबारे ‘म’ पात्र भन्छेः

> आफ्नो दुलाहाको अरुप्रतिको लिप्सा, आकर्षण र तत्सम्बन्धी उत्ताउला, घिनलाग्दा र नग्न कुरामा मेरी आमाको निम्ति भाला, बर्छा र करौँती बन्दथ्यो । परन्तु बैंसले उन्मत्त भएकी नोकर्नीको निम्ति मालिकका यस्ता कुरा क्रीडा, आनन्द र यौनसुखको रमाइलो कुतकुती हुन्थ्यो । उस बेला कथा सुन्दासुन्दै म कति बेला भुसुक्क निदाउँथेँ ,कति बेला पर्सियन गलैँचाका रङ्गीबिरङ्गी बुटाहरूमा औँलाहरू डुलाउने आमाको खेल सकिन्थ्यो र कहिले बुबाको बैठकको अखडा सिद्धिन्थ्यो। केही थाहा हुँदैनथ्यो । तर उठ्दा भने घरको उदास वातवरणले मीनपचासको हुस्सुले जस्तै समुच्चा घरलाई घेरिराखेको पाउँथेँ । कुबेलामा सुत्ने मौका पाएका कतिपय नोकरचाकरहरू विशाल बैठक सँगाल्नमा व्यस्त रहन्थे । कतिचाहिँ अनिँदा आँखा लिएर यो कोठा र ऊ कोठा गर्दै खत्र्याकखुत्रुक काम गरिरहेका हुन्थे । (निर्बन्ध, पृ. १७)

प्रस्तुत उद्धरणमा ‘म’ पात्रकी आमाको अनुभूतिका आधारमा ‘म’ पात्रका बुबाको चरित्र विषाक्त रहेको प्रष्ट हुन्छ । ‘म’ पात्रका बुबाको चरित्र हेर्दा ऊ महिलालाई वस्तुकरणको व्यवहार गर्ने पुरुष हुन् । ‘म’ पात्रकी आमा काठमाडौँको एक सम्भ्रान्त परिवारमा जन्मिएकी व्यक्ति हुन् । विवाहमा दाइजो स्वरूप धनसम्पत्ति र घर पाएर उनी

ससुरालीमै बसेका छन् । एक छोरा र एक छोरीका बाउ बनेका उनी यस उपन्यासकी 'म' पात्रका बुबा हुन् । 'म' पात्रका बुबा ससुराली घरमा बसेर आमाकै अगाडि अनैतिक क्रियाकलाप गर्ने गर्दछन् । 'म' पात्रकी आमाको अनुभूतिमा आफ्ना लोग्नेको अरू स्त्रीसँगको लसपस, अरूप्रतिको लिप्सा र आकर्षण उनको लागि भाला, बर्छा र करौँतीले रेटे जस्तै पीडादायी क्षण हो । उनी त झन अन्य केटी र घरमै काम गर्न बसेका बैंसले उन्माद भएका नोकर्नीसँग यौनजन्य उत्ताउलो र घिन लाग्दो क्रिडा गरेर बस्ने गर्थे । आफ्नी श्रीमतीलाई अपमान गरी अन्य स्त्रीसँगको सहवासमा रमाउने 'म' पात्रका बुबाका  लागि स्त्रीहरू यौनानन्द पूरा गर्ने सन्तुष्टिका साधन हुन् यिनीहरूलाई जसरी मनलाग्छ , जुन बेला र जहा मन लाग्छ त्यहाँ मनपरी ढङ्गले उपभोग गर्न मिल्ने साधन हुन् भन्ने ठानी महिलामाथि सोहीअनुसारको व्यवहार गर्दै आएका हुनाले उनी महिलालाई  वस्तुकरण गर्ने विषाक्त पुरुषत्व हुन् ।

प्रस्तुत उपन्यासमा 'म' पात्रका बुबा महिला भनेका यौनेच्छा पूरा गर्ने साधन हुन् जसलाई छानीछानी प्रयोग गर्न सकिन्छ भन्ने कमजोर मानसिकताका विषाक्त पुरुष हो । त्यसैले ऊ घरकी श्रीमतीसँग मात्र नभएर अन्य स्त्रीसँग पनि सम्बन्ध राख्दछ । ऊ आफ्नो ससुराली घरमा आफू जस्तै चरित्रहीन अन्य पुरुषहरूको अखडा जमाएर अनैतिक गतिविधिमा रमाउने गर्दछ भन्ने कुरा 'म' पात्र यसरी अभिव्यक्त गर्दछेः

> बुबाको 'स्कच अखाडा' मा भाग लिने सिउर ढलेका भालेहरूमा एक जना कालो, च्याक्से, होचो, मरन्च्याँसे लन्ठू थियो जो आफूलाई 'ट्रकको व्यापार गर्छु' भन्थ्यो । ऊ ट्रकको व्यापार गर्थ्यो, गर्दैनथ्यो थाहा पाइनँ । तर त्यसकी अनुहार बान्की परेकी, मोटी स्वास्नी भने आक्कलझुक्कल हामी कहाँ आउन थाली (निर्बन्ध, पृ. २४) ।

प्रस्तुत उद्धरण 'म' पात्रका घरमा हुने गरेको क्रियाकलाप र 'म' पात्रले अनुभूति गरेको घटना हो । 'म' पात्रका बुबा ससुरालीमै भए पनि घरमा श्रीमती, छोरी भएका र नोक्करचाक्कर राखेर बसेको सम्पन्न र प्रौढ पुरुष हो । ऊ ससुरालीकै घरमा निर्धक्क भएर आफू मात्र नभएर आफ्नो उमेर जस्तै बुढ्यौली लागेका सिउर ढल्केका अन्य पुरुषहरू समेत ल्याएर जाँडरक्सी, जुवातास, खेल्दै नारीको यौन दुव्र्यवहार गर्ने अखडा मच्चाएर बसेको छ । ती मध्येकै एक ट्रकव्यापारी पनि हो । ऊ 'म' पात्रको बुबाको साथी हो । बेलाबेलमा 'म' पात्रको घर आउँदा ऊ आफ्नी स्वास्नी पनि ल्याउने गर्छ । यसरी हेर्दा घरमा श्रीमतीलाई इजत र सम्मान गरेर राख्न नसक्ने उल्टै जानीजानी अनैतिक क्रियाकलापको अखाडामा स्वास्नीसमेत लिएर आउने ट्रकव्यापारी पनि विषाक्त पुरुष हो । मोटी तर अनुहारमा बान्की परेकी भनेर एउटी महिलाको शारीरिक बनावटको मूल्य निर्धारण गरी आकर्षित हुने र यौनशोषण गर्न प्रतिस्पर्धा गर्ने पुरुषहरू महिलालाई मानिस होइन एउटा वस्तुको रूपमा हेर्ने स्वभावका विषाक्त पुरुषत्व हुन् । ट्रकव्यापारीकी श्रीमतीलाई मौका छोपेर यौन आनन्दमा रमाउने 'म' पात्रका बुबा विषाक्त व्यक्तित्व हुन् भन्ने कुरा यसरी थाहा हुन्छ- ''बुबाले तथाकथित ट्रकव्यापरीकी स्वास्नीलाई अँगालोमा च्यापी सुत्ने कोठामा प्रवेश गर्नुभयो । सुसारे वाल्ल परेर हेर्न थाली । आमाले भनिन्– ''महारानीलाई लिएर तुरुन्त माथि जा ।'' (निर्बन्ध, पृ. २४) उपर्युक्त सन्दर्भका आधारमा पनि 'म' पात्रका बुबाको नियति प्रष्ट हुन्छ । घरमा श्रीमाती हुँदाहुँदै उसले कहिले घरमा काम गर्न बसेकी सहयोगीलाई आफ्नो इच्छापूर्तिका साधान बनाएको छ भने कहिले अन्य महिलाहरूलाई । ससुराली घरको बैठक कोठामा श्रीमती र हुर्किदै गरेकी छोरीको अगाडि खुलेआम यौन धन्दाको अखडा जमाएर बस्ने 'म' पात्रका बुबाको चरित्र विषाक्त हो । एक त विवाहित पुरुष त्यसमा पनि ससुराली घरमा श्रीमतीकै अगाडि निर्लज्ज भएर ट्रकव्यापारीकी श्रीमतीलाई अँगालोमा च्यापी सुत्ने कोठामा प्रवेश गर्ने 'म' पात्रका बुबा महिलालाई इज्जत गर्न नसक्ने विषाक्त पुरुष हो । महिला भनेका एउटा उपकरणजस्तै हुन् जुन आफ्नो खुसीका लागि छानीछानी किन्न, प्रयोग गर्न र त्याग्न पाइन्छ भन्ने वैचारिक धारणा रहेका 'म' पात्रका बुबा महिलाको वस्तुकरण गर्ने विषाक्त पुरुषत्व हो ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा वानीरा गिरिका कारागार र निर्बन्ध उपन्यासमा अभिव्यक्त विषाक्त पुरुषत्वको आधारहरू पुरुषप्रधान समाजले निर्धारण गरेको लैङ्गिक भूमिकालाई लिइएको छ । कारागार उपन्यासमा 'म' पात्रका दाजुहरूले बहिनीको भागमा परेको पैतृकसम्पत्ति हत्याउने दाउमा बहिनीलाई असक्षम देखाई प्रतिस्पर्धी भावना राखी बहिनीलाई

आजीवन अविवाहित राखेका छन् । उनीहरूले नारी स्वतन्त्रता र निर्णय क्षमतामा प्रतिबन्ध लगाएर आफ्नी बहिनीलाई भावनात्मक रूपमा हिंसा र अपराध गरेका छन् । बुबाले मृत्युपूर्व गरेको भागवण्डाप्रति कठोरता बनेर म पात्रका दाजुहरूले बहिनीको विवाह सफल हुन दिएका छैनन् । पुरुष भएकै नाताले जति नै पढेलेखेकी र जुनै ओहोदामा भए पनि महिलालाई वस्तुकरण गरी यौन सन्तुष्टीको साधन बनाउने प्रयत्न 'म' पात्रका अफिसका हाकिमहरूले घरमा श्रीमती र अफिसमा 'म' पात्रलाई गरेका छन् ।

निर्बन्ध उपन्यासमा 'म' पात्रका बुबा र ठुला बुबाले आफ्नी आमा र ठुली आमालाई गरेका शारीरिक र मानसिक अत्याचारपूर्ण व्यवहारलाई विषाक्त पुरुषत्वका आधारमा मूल्याङ्कन भएको छ । प्रतिस्पर्धी भावना भएका 'म' पात्रका ठुलाबाले आफ्नो बिर्यहिनतालाई स्वीकार्न नसक्दा श्रीमतीलाई कुटपिट गरी शारीरिक र मानसिकरूपमा हिंसा गरेका छन् । ससुराली घरमै बसेर श्रीमतीलाई कुटपिट र अभद्र व्यवहार गर्ने र श्रीमतीकै अगाडि घरमा काम गर्न बसेका महिलाहरू छानीछानी रासलीला गर्ने 'म' पात्रका बुबा कठोर हृदय, आपराधि मानसिकता भएको र महिलालाई वस्तुकरण गर्ने विषाक्त पुरुषत्व हो । यसरी कारागार र निर्बन्ध उपन्यासका पुरुषहरूमा रहेको विषाक्त पुरुषत्वको लक्षण र उनीहरूले महिला पात्रहरूमाथि गरेका विभेदकारी व्यवहारले हृदयविदारक नारी मर्म र चिन्तन प्रकटिकरण भएकोले कारागार र निर्बन्ध उपन्यास विषाक्त पुरुषत्व दृष्टिले सार्थक उपन्यास बनेको छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा*. अक्षर क्रियसन्स ।

एटम, नेत्र (२०७९). *शिरीषको फूल उपन्यासमा प्रभुत्वशाली पुरुषत्व*. पाठ्यक्रम विकास पत्रिका, ३० (४४). पृ. १५७—१७० ।

एटम, नेत्र (सन् २०२४). *तीन घुम्ती उपन्यासमा पुरुषत्व*. वाङ्मय, २० (१). पृ. १३—२२ ।

गिरि, वानीरा (२०३५). *कारागार*. (छैटौँ संस्क.).साझा प्रकाशन ।

गिरि, वानीरा (२०४२). *निर्बन्ध*. (दोस्रो संस्क.). साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६०). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान*. साझा प्रकाशन ।

घिमिरे, बिदुला (२०७०). *वानीरा गिरिका उपन्यासहरूमा अनुभूतिको संरचना*. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर. प्रस्तुत अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध ।

त्रिपाठी, सुधा (सन् २०१२). *नेपाली उपन्यासमा नारीवाद*. भृकुटी एकेडेमिक पब्लिकेसन ।

दाहाल, खेम (२०६७). *उपन्यासका केही पाता*. ज्ञानज्योति बुक्स पब्लिकेसन प्रा.लि ।

शर्मा, बिन्दु (२०७८). पुरुषत्व *अध्ययन र नेपाली साहित्य*. समकालीन नेपाली महिला समालोचना (सम्पा.). गोपीन्द्र पौडेल र बिन्दु शर्मा. नेपाल प्रज्ञा–प्रतिष्ठान, पृ. १२७–१४८

राजभण्डारी, रेणु, दाहाल, सरिता, अभिराम, राय, सुवेदी, सौरभा (२०६८). *सामाजिक लैङ्गिक विभेदमा आधारित मानव अधिकार सम्बन्धी स्वास्थ्यकर्मीहरूका लागि तालिम निर्देशिका*. ओरेक नेपाल ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). ने*पाली उपन्यासको इतिहास*. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

लुइटेल, लीला (२०६०). नेपाली उपन्यासमा महिला लेखन. *नेपाली उपन्यास शतवार्षिकी स्मारिका*. (सम्पा.) भाउपन्थी. नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान. पृ. ९०–१०० ।

Felson, R. B. (2009). *Violence, crime, and violent crime*. IJCV, 3 (1). pp. 23 – 39.

Harris, B. (2021). *Toxic masculinity : An exploration of traditional masculine norms toxic masculinity:* An exploration of traditional masculine norms in relation to mental health outcomes and help–seeking in relation to mental health outcomes and help–seeking behaviors in college–aged males behaviors in college–aged males. Columbia: University of South Carolina.

Konnel, R.W. (2005). Masculinities. University of California.